

पूर्णप्रसाद ब्राह्मणका फुटकर कविता

(कवितासङ्ग्रह)

• सम्पादक : हरि मञ्जुश्री

पूर्णप्रसाद ब्राह्मणका फुटकर कविता

(कवितासङ्ग्रह)

सम्पादक : हरि मञ्जुश्री

प्रकाशक	:	श्रीयोग शर्मा
प्रकाशनकाल	:	१ वैशाख २०६३
प्रकाशनसन्दर्भ	:	नयाँ वर्ष
प्रकाशनप्रति	:	५०० मात्र
संस्करण	:	प्रथम
सर्वाधिकार	:	प्रकाशकमा
अक्षराङ्कन	:	गीता मञ्जुश्री, बनेपा
मुद्रक	:	बगलामुखी अफसेट प्रेस कुपन्डोल, ललितपुर
मूल्य	:	रु. १००।-

परिष्कृत शैली र समृद्ध भावका कविता

स्रष्टा पूर्णप्रसाद ब्राह्मण नेपालका प्रसिद्ध विद्वान्मध्ये पर्छन् । उनको संस्कृत भाषाको 'सत्यहरिश्चन्द्रम्' नामक महाकाव्य प्रसादगुण र पूर्वीय संस्कृतिले सुरक्षित गरेका उदार गुणले गर्दा उत्तम रचना मानिन्छ । संस्कृतका यस्ता विद्वान्ले नेपाली भाषामा पनि कलम चलाएर कथासङ्ग्रह र उपन्यासका साथै सशक्त खण्डकाव्य र फुटकर कविता पनि दिएका छन् । प्रस्तुत 'पूर्णप्रसाद ब्राह्मणका फुटकर कविता' नामक कृतिमा उनका केही पूर्वप्रकाशित र केही अप्रकाशित कविता सङ्कलित छन्। यी कविताहरू शैलीका दृष्टिले परिष्कृत त छँदै छन्, यसका साथै भावका दृष्टिले पनि समृद्ध छन् । कविले आफ्नो समयको राष्ट्र र समाजलाई आफ्नै दृष्टिले हेरेका छन् । कविले पुनर्जागरण र आफ्ना प्राचीन मूल्यहरूको पुनःस्थापनाद्वारा राष्ट्रलाई उन्नत र समाजलाई उदार बनाउन शक्तिशाली शङ्खघोष गरेका छन् ।

प्रस्तुत सङ्ग्रह ब्राह्मणजीका सम्पूर्ण कविताको प्रामाणिक सङ्ग्रह हो । यसबाट त्यसै छरिएर हराउन लागेका रत्नहरू नेपाली साहित्यको भण्डारमा सञ्चित बन्न पुगेका छन् । यसको सङ्कलक एवं सम्पादक हरि मञ्जुश्री र उनलाई सघाउने ब्राह्मणजीका परिवारप्रति हार्दिक धन्यवाद प्रदान गर्न चाहन्छु ।

२०६२ पौष १३ राष्ट्रकवि माधव घिमिरे

लैनचौर, काठमाडौं

सम्पादकीय

सत्रौं वर्षमा फिर्ता गरेको नासो

नेपालका ख्यातनामा साहित्यिक व्यक्तित्व कवि पूर्णप्रसाद ब्राह्मणको निधन भएको सत्र वर्षको अन्त्यमा यो कवितासङ्ग्रह कसरी प्रकाशन भयो भन्ने जिज्ञासा साहित्यिक पाठकहरूमा उत्पन्न हुनु स्वाभाविकै हो । यस्तो जिज्ञासाको उत्तर लामो भूमिका नबाँधीकन दिँदा पनि पुस्तकका केही पृष्ठहरू भरिने सम्भावना छ ।

नेपालको संस्कृत वाङ्मयका विद्वान् एवं भूतपूर्व नायब वडागुरुज्यू जुनानाथ पण्डितसँग पूर्णप्रसाद ब्राह्मणले काठमाडौंको राजकीय संस्कृत महाविद्यालय (हालको वाल्मीकि विद्यापीठ) मा पूर्वमीमांसा (दर्शन) विषय पढ्नुभएको रहेछ । त्यसको केही वर्षपछि मेरा पिताजी दुर्गाप्रसाद अधिकारीले पनि जुनानाथ पण्डितकै शिष्य भई त्यही महाविद्यालयमा पूर्वमीमांसा विषयकै अध्ययन गर्नुभएको रहेछ । संयोगको कुरो, जुनानाथ पण्डितका शिष्यहरूमध्ये पूर्वमीमांसा विषयको शास्त्रीपरीक्षामा नेपालभरिमा सर्वाधिक अङ्क ल्याउने शिष्य पनि पूर्णप्रसाद ब्राह्मण र दुर्गाप्रसाद अधिकारी नै हुनुभएछ । पूर्णप्रसाद ब्राह्मणले भन्दा निकै वर्षपछि मेरा पिताजीले शास्त्रीतहमा अध्ययन गर्नुभएको हुँदा उहाँहरूको औपचारिक परिचयचाहिँ भएको रहेनछ, तर 'मेरा शिष्यहरूमध्ये पूर्णप्रसाद ब्राह्मण र दुर्गाप्रसाद अधिकारी उत्तम शिष्यहरू हुन्' भनेर जुनानाथ पण्डित वेलावखत चर्चा गर्नुहुँदो रहेछ । उहाँले गरेको चर्चा भूतपूर्व वडागुरुज्यू अम्बिकाप्रसाद अधिकारीवाट सुनेपछि मेरा पिताजीसँग परिचय गर्ने इच्छा पूर्णप्रसाद ब्राह्मणमा जागृत भएछ, तर पारिवारिक कारणले मेरा पिताजीचाहिँ पहिले भूमिसुधारको जागिरे भई गोरखा र पछि आफ्नै जन्मस्थान भोजपुर दिङ्लाको षडानन्द संस्कृत प्रधान पाठशालामा अध्यापन गर्न जानुभएकाले दुवैवीच औपचारिक परिचय हुन पाएनछ । मेरा पिताजीले शास्त्रीपरीक्षा उत्तीर्ण गरेको समयमा पूर्णप्रसाद ब्राह्मण प्रखर राष्ट्रिय व्यक्तित्व वनिसक्नुभएकाले पनि उहाँहरू नाउँ र विशेषतावाट मात्रै परिचित वन्नुभएको हुन सक्छ ।

२०४०-४१ सालतिर मित्र अर्जुन विरक्ति र म भएर नेपाल साहित्यिक परिषद् नामक साहित्यिक संस्था खोल्यौं । त्यसपछि काठमाडौंको रातोपुलनेर

अर्जुन विरक्तिको डेरामा हामीले त्यस संस्थाको चिह्नपाटी झुन्ड्यायौं । त्यही संस्थालाई आयोजक बनाई दौलतविक्रम विष्टको सभापतित्व र पूर्णप्रसाद ब्राह्मणको प्रमुख आतिथ्यमा हामीले कविगोष्ठी गर्‍यौं । त्यो गोष्ठीमा मैले पनि कवितावाचन गरेँ । गोष्ठीको समापन भएपछि पूर्णप्रसाद ब्राह्मणले मसँग मेरो घर सोध्नुभयो । मैले 'भोजपुरको दिङ्ला' बताएपछि उहाँले सोध्नुभयो – "दिङ्लामा मेरा सतीर्थ्य भाइ दुर्गाप्रसाद अधिकारी हुनुहुन्छ, तपाईं उहाँलाई चिन्नुहुन्छ ?"

मैले 'उहाँ मेरा पिताजी हुनुहुन्छ' भनी सुनाएपछि धेरै वर्षसम्म हराएर बल्लबल्ल छोरालाई भेट्ताको जस्तो खुसी उहाँले प्रकट गर्नुभयो र मलाई ट्याक्सीमा आफैंसँग राखेर ताहाचलस्थित आफ्नो घरमा लैजानुभयो । त्यसपछि उहाँकै संसर्गबाट सुन्दरराज चालिसे, सुशीला चालिसे, राजेश्वर देवकोटा, कमलराज रेग्मी, श्रीभद्र शर्मा, धर्मराज थापा, वासु शशी, कृष्णप्रसाद पराजुली, केवलपुरे किसान, शिवहरि मरहट्टा, एस० पी० आशा, नारायणप्रसाद शर्मा, वद्रीचन्द्र खनाल, लीलाराज विष्ट, दीन पन्थी, गणेशप्रसाद रिजाल आदिसँग मेरो परिचय हुन सक्यो ।

पूर्णप्रसाद ब्राह्मणले मलाई आफ्नै छोरालाई भन्दा कम स्नेह कहिल्यै दिनुभएन । 'जयतु संस्कृतम् भावना कार्यान्वयन महासभा' नामक संस्था खोल्न सक्रिय बन्दा होस् या संस्कृत भाषामा 'अमेरिकाको इतिहास' लेख्ता होस्, अनि उहाँका पुस्तकहरू एक कथा (उपन्यास, २०४२), राजतन्त्रम् सदा जीव्यात् (राजदर्शन, २०४२), अध्यक्ष उमा (उपन्यास, २०४४) र कुन्तीको समाचार (खण्डकाव्य, २०४४) आदिको प्रकाशन गर्दा होस् या 'सङ्गम' आदि विभिन्न पत्रपत्रिकाहरूमा उहाँका कविता र निवन्धहरू प्रकाशन गराउँदा होस्, मेरो सक्रिय सहभागिता रहेकै थियो । मेरो अध्यक्षतामा २०४३ सालमा खुलेको 'नयाँ प्रयोग समूह' र मैले सम्पादन गरेको 'गवेष' (२०४५) पत्रिकामा उहाँ संरक्षक र सल्लाहकार पनि वस्नुभयो । मेरो सम्पादनमा निस्केको 'टङ्कार' (२०४३) पत्रिकाको पहिलो अङ्क (स्मारिका अङ्क) मा उहाँले पत्रिकाको मूल नारा लेख्नुभएको थियो –

धर्मन्यायद्विषां राष्ट्रद्रोहिणां हृदयान्यसौ ।
अपूर्वः पत्रधनुषष्टङ्कारः कम्पयिस्यति ॥

उहाँका कविताहरू उहाँको जीवनकालमै र उहाँको निधनपछि पनि मैले आफू संलग्न रहेका पत्रिकाहरूमा छपाएको छु र मैले लिएको उहाँको लामो अन्तर्वार्ता 'नेपालभूमि साप्ताहिक' (२०४४) मा छापिएको पनि छ ।

उहाँका पुस्तकहरू 'एक कथा (उपन्यास)' र 'अध्यक्ष उमा (उपन्यास)' माथि मैले लेखेका केही टिप्पणीहरूसमेत त्यस वेलाको साप्ताहिक पत्रिका 'नेपालभूमि' मा २०४४-४५ सालतिर छापिएका थिए ।

उहाँसँगका यस्ता थुप्रै घटनाहरू छन्, जसलाई यहाँ सविस्तार उल्लेख गर्नु ठीक ठहर्दैन ।

उहाँवाट पुत्रवत् स्नेह पाएको त्यस समयमा उहाँले आफ्ना प्रकाशित पुस्तक-पुस्तिकाहरू एक-एकप्रति मलाई दिँदै भन्नुभएको थियो – "सुरक्षित राख्नुस् है, कुनै दिन काम लाग्न सक्छ ।"

अनि 'अगुल्टो' कवितासङ्ग्रहमा नपरेका तर विभिन्न पत्रिकामा प्रकाशित केही कविताहरू, अप्रकाशित केही कविताहरू, नरेन्द्रराज प्रसाईले प्रश्नावली छाडेकाले उत्तर लेखिइसकेको तर प्रकाशन हुन वाँकी रहेको एउटा अन्तर्वार्ता, केही पर्चाहरू, राष्ट्रिय जनराज्य परिषद्सम्वन्धी केही सामग्रीहरू, एउटा खण्डकाव्यको खेस्रा कापी र एउटा उपन्यासको पाण्डुलिपि उहाँले मलाई दिनुभएको थियो । त्यस वेला उहाँ विरामी हुनुभएको थियो र त्रि० वि० शिक्षण अस्पतालमा उपचार गराइरहनुभएको थियो ।

पछि उहाँको भौतिक देह पञ्चतत्त्वमा विलीन भयो र नेपालले एउटा उज्ज्वल साहित्यिक नक्षत्रवाट वञ्चित हुनुपर्‍यो । उहाँको देहावसानपछि उहाँको खण्डकाव्य २०४६ सालमा 'सम्झौटो' नाम राखेर मेरै सम्पादनमा छन्द समितिवाट प्रकाशित भयो । मित्र जीवनचन्द्र कोइरालासँग मिलेर मैले 'पूर्णप्रसाद ब्राह्मण स्मृतिग्रन्थ' २०५४ सालमा कुलचन्द्र कोइराला स्मृतिप्रतिष्ठानवाट निकालेँ । केही फुटकर कविताहरू मैले 'निर्मल', 'हिन्दू', 'वाणी', 'ध्येयचिन्तन' आदि पत्रिकाहरूमा छपाइदिएँ । ती कविताहरू पनि यसै सङ्ग्रहमा सङ्गृहीत छन् । 'राजा पुरञ्जन' नामक वृहत् नेपाली उपन्यासको पाण्डुलिपि उहाँका सुपुत्र पत्रकार रमेश शर्मालाई वुझाइदिएँ । त्यो उपन्यास हालसम्म अप्रकाशित अवस्थामा नै छ । त्यसको पनि प्रकाशन होला भन्ने आशा छ । 'पूर्णप्रसाद ब्राह्मणका विषयमा स्नातकोत्तरतहको शोधपत्र तयार गर्दै छु' भनी सहयोग माग्न आएका केही शोधार्थीहरूमध्ये कसैलाई मैले पूर्णप्रसाद ब्राह्मणसम्वन्धी केही सामग्री र जानकारीहरू दिएको थिएँ, कसैले चाहिँ सामग्रीहरू नलगी जानकारीहरू मात्र लिएका थिए । तर आफूले दिएका सामग्रीहरू मैले फिर्ता पाउन सकिनँ र शोधपत्रहरू पनि मेरा हात परेनन् । दुई-तीनवटा शोधपत्रहरूको पादटिप्पणीमा मेरो सहयोगवारे उल्लेखचाहिँ भएको छ रे भन्नेसम्म मैले सुनेको छु । होमनाथ भट्टराईको

सौजन्यबाट त्रिभुवन विश्वविद्यालयका शोधार्थी बिजु (विजुलीदेवी) देवकोटाको शोधपत्र केही दिनअघि मात्रै मैले पढ्न पाएको छु, तर महेन्द्र संस्कृत विश्वविद्यालयका शोधार्थी नूरापति पोखरेलको शोधपत्रचाहिँ मैले देखेको छैन। अरू शोधार्थीहरूको त मैले नामसमेत बिर्सिसकेँ । मैले कर्तव्य सम्झेर अध्ययन गर्न दिएका ऐतिहासिक र साहित्यिक महत्त्वका त्यस्ता सामग्रीहरू इमानदारीपूर्वक फिर्ता नगरिदिँदा र तिनको सही उपयोग पनि नहुँदा मैले तीतो अनुभव त बटुलेँ-बटुलेँ, पूर्णप्रसाद ब्राह्मणमाथि पनि अन्याय भएको छ भन्ने मलाई लागेको छ ।

पूर्णप्रसाद ब्राह्मणले ममा त्यस्तो के देख्नुभयो, किन मलाई धेरै विश्वास गर्नुभयो र आफ्नो उत्तराधिकारीलाई जस्तै गरी आफ्ना प्रकाशित-अप्रकाशित साहित्यिक सामग्रीहरू मलाई सुम्पिनुभयो, मलाई थाहा छैन । उहाँले विश्वासपूर्वक मलाई सुम्पनुभएका उहाँका सामग्रीहरूको सदुपयोग इमानदारीपूर्वक मबाट हुन सक्यो कि सकेन, तिनको उपयोग मेरा माध्यमबाट कति हुनुपर्थ्यो र कति हुन सक्यो या कति भएन, यस सङ्ग्रहको प्रकाशनको कारणले म ऊऋण हुन सकेँ कि सकिनँ, मैले भन्ने कुरा होइन । उहाँले आफ्ना पुस्तक-पुस्तिकाहरू एक-एक प्रति मलाई दिनुभएको थिएन भने उहाँको नाउँमा स्मृतिग्रन्थ निकाल्न कति कठिन पर्ने रहेछ, स्मृतिग्रन्थ निकाल्ने क्रममा नै मैले थाहा पाएको थिएँ ।

उपन्यासको पाण्डुलिपि वुझाइसकेको तथा खण्डकाव्य र स्मृतिग्रन्थ छापिइसकेको अवस्थामा पनि कवितासङ्ग्रहको पाण्डुलिपि देख्ता त्यसले मलाई जहिलेसुकै पनि कर्तव्यप्रति सचेत गराइरहेको भान पर्थ्यो । मेरो जिम्मेवारीको वोध मैले गरिरहेको पनि थिएँ, तर आर्थिक जर्जरताले गर्दा म पुस्तक प्रकाशन गर्न सक्षम थिइनँ र अझसम्म पनि मेरो आर्थिक अवस्था पुस्तकका लागि रकम खर्च गर्न सक्ने खालको छैन । त्यसैले उहाँका कविताहरूलाई लिएर म आफैँलाई 'धिक्कार' भन्ने अवस्थामा पुगिसकेको थिएँ र मैले कैयौँ व्यक्तिहरूसँग हारगुहार मागिसकेको थिएँ। तर मेरो हारगुहार सार्थक हुन सकिरहेको थिएन। ठीक व्यक्तिकहाँ म पुग्न नसकेर हो कि मैले कुरा वुझाउन नसकेर हो, अथवा दिवङ्गत साहित्यकारहरूप्रतिको रुचि घट्दै गएकाले हो कि परिवारका कम मात्रै सदस्यले थाहा पाएर हो, कवितासङ्ग्रह छापिन सकेन । करिव १६ वर्षसम्म कवितासङ्ग्रहको पाण्डुलिपि टिनको मेरो सानो ट्याङ्कामा थन्किइरह्यो ।

पूर्णप्रसाद ब्राह्मणका फुटकर कविताहरूको सङ्ग्रह प्रकाशन गर्न

नसकेको मेरो दुखेसो प्राध्यापक तथा वरिष्ठ साहित्यकार राममणि रिसालसँग अलि वढी हेलमेल हुनासाथ मैले उहाँलाई पनि सुनाइहालेँ। नेपाली साहित्यलाई ठूलो गुन लगाएर पनि धेरै वर्षसम्म चर्चाहीन हुन पुगेका र नयाँ पुस्ताका साहित्यकारहरूबीच झन्डै-झन्डै अपरिचितजस्तो हुन थालेका पूर्णप्रसाद ब्राह्मणको साहित्य र व्यक्तित्वका विषयमा चर्चा गर्नु मेरो बानीजस्तै भइसकेको थियो । त्यसैले पनि राममणि रिसालसँग मैले दुखेसो पोखेको थिएँ। उहाँ मेरा पिताजीका मनपर्दा मित्र, हाम्रो परिवारसँग सुपरिचित, दिङ्लाको हाम्रो घरमा २०२२ सालमा पुग्नुभएका र हाम्रो घरायसी अवस्थावारे पनि जानकार व्यक्ति हुनुहुन्छ । साहित्य र साहित्यकारप्रतिको उहाँको सम्मान र समर्पणभाव मलाई वन्दनीय लाग्छ। उहाँ अरूलाई पनि लेख्न र प्रकाशन गर्न प्रेरित र प्रोत्साहित गर्नुहुन्छ, साहित्यिक सहयोग गर्नमा उहाँवाट कहिल्यै कन्जुस्याइँ हुँदैन भन्ने थाहा पाएपछि मेरो दुखेसो सुनाउन उहाँसमक्ष मैले मुख फोरिहालेँ। उहाँले तुरुन्तै आफ्नो उदारता देखाउनुभयो – "ठीक छ, छपाउने व्यवस्था गर्ने जिम्मा मेरो भयो । आजदेखि तिम्रो भार मैले वोकेँ भन्ने ठान्नू ।"

उहाँले आश्वासन दिनुभएको त्यो दिन र त्यो क्षणलाई म नमस्कार गर्छु। १६ वर्षपछि वल्ल मेरो मन हलुङ्गो भएको थियो। राष्ट्रको नासो राष्ट्रकै जिम्मामा सुम्पन नपाएर छट्पटाइरहेको मेरो मनले वल्ल केही शीतलता प्राप्त गरेको थियो ।

राममणि रिसालले पूर्णप्रसाद ब्राह्मणका छोरी र ज्वाइँसित कुरा गर्नुभयो, छोरा र वुहारीसित कुरा गर्नुभयो, पूर्णप्रसाद ब्राह्मणका सन्ततिसँग लामो समयसम्म मेरो भेटघाट नभएकोले हाम्रो भेटघाटको वन्दोवस्त मिलाउनुभयो र खर्च कति लाग्ला भनेर वगलामुखी छापाखानाका प्रवन्धक साहित्यिक पत्रकार जयदेव भट्टराईसित सम्पर्क राख्नुभयो । पूर्णप्रसाद ब्राह्मणका परिवारजन, छापाखाना र म, तीनैथरीको केन्द्रमा वसेर उहाँले आफ्नो उदार र सहयोगी भावनाको उदाहरण प्रस्तुत गर्नुभयो। अनि सवैको सल्लाह र सहयोग, विशेषतः पूर्णप्रसाद ब्राह्मणका सुपुत्र सुरेश शर्माको तत्परतामा उहाँकै सुपुत्र अर्थात् पूर्णप्रसाद ब्राह्मणका नाति श्रीयोग शर्माले कवितासङ्ग्रहको प्रकाशन गर्ने जिम्मेवारी वोक्ने हुनुभयो । कविताहरूको अक्षराङ्कन, शुद्धीकरण र सम्पादन गरी वुझाउन मलाई आग्रह गरियो र मैले त्यो काम गरेँ ।

सम्पादनको क्रममा कविताभित्रको विषयवस्तुअनुसार मैले कविताको क्रम मिलाएको छु । केही कविताहरूमा कवितात्मकता नदेखिन पनि सक्छ,

तर त्यस्ता कविताहरूमा पनि कविता लेख्ताको राष्ट्रिय परिवेश र कविको त्यसप्रतिको तात्कालिक भावना प्रतिविम्वित भएकोले त्यस्ता कविताहरू पनि मैले यस सङ्ग्रहमा समावेश. गराएको छु । लेखनकाल फरक भएर पनि विषयवस्तु एउटै भएकाले शीर्षक नै एउटै भएका केही कविताहरूलाई मैले शीर्षक बदलिदिएको छु । 'अगुल्टो' कवितासङ्ग्रहमा नपरेका तर प्रकाशित र अप्रकाशित दुवै प्रकारका कविताहरू यसमा सङ्गृहीत छन् । पूर्वप्रकाशित कविताहरूको अन्त्यमा मैले कविता प्रकाशन भएको पत्रिका, साल, र प्राप्त भएसम्म वर्ष-अङ्क पनि राखिदिएको छु । पद्यकविता, गजल र गद्यकविता क्रमशः राखिएका छन् ।

यस सङ्ग्रहभित्र पूर्णप्रसाद ब्राह्मणका ६९ वटा फुटकर कविताहरू सङ्गृहीत छन् । यी कविताहरूको भावभूमि र प्रस्तुतिशिल्पका विषयमा मेरो कुनै टिप्पणी छैन । त्यो पक्ष विद्वत्वर्ग तथा अध्येता-अनुसन्धाताहरूका लागि सुरक्षित छ ।

कवितासङ्ग्रहको प्रेसकापी तयार भएपछि राष्ट्रकवि माधवप्रसाद घिमिरेले आफ्ना भावनाहरू यस सङ्ग्रहमा पोखिदिनुभयो । अनि पुस्तकको प्रेसकापी मैले छापाखानामा वुझाएँ । पुस्तकको प्रकाशनकार्य नसकिएसम्म राममणि रिसालले देखाउनुभएको अविराम चासो, चिन्ता र गर्नुभएको सहयोग मेरा लागि उदाहरणीय र अविस्मरणीय वनेको छ । उहाँकै सहयोगको कारणले मैले आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गरेको देखाउन पाएको छु ।

पूर्णप्रसाद ब्राह्मणकी छोरी इन्दिरा आचार्य, ज्वाइँ केदारप्रसाद आचार्य, छोरा सुरेश शर्मा र नाति श्रीयोग शर्माप्रति मेरो हृदय गदगद वनेको छ । साहित्यकारका सन्ततिहरू सवै नै उहाँहरूजस्तै वनिदिए साहित्यिक क्षेत्र अत्यन्तै गौरवान्वित बन्ने थियो । उहाँहरूको सहृदयता र सहयोग सवैका निम्ति प्रेरणादायी छ । म उहाँहरूप्रति कृतज्ञ छु ।

जे होस्, राष्ट्रको नेपाली साहित्यिक वाङ्मयको यो नासो मैले अव साहित्यिक वाङ्मयलाई नै फिर्ता गरेको छु । यसवाट मेरो मनले सन्तोषको अनुभव गरेको छ, त्यसैले आफू हलुङ्गो भएको अनुभूति मलाई भएको छ ।

यस सङ्ग्रहको अक्षराङ्कन र मुद्रणका निम्ति सहयोग गर्ने सवैप्रति आभार व्यक्त गर्दै मन्तव्यका लागि राष्ट्रकवि माधवप्रसाद घिमिरेप्रति कृतज्ञता व्यक्त गर्दछु र यस सङ्ग्रहका विषयमा पाठकहरूमा उठ्न सक्ने जिज्ञासाहरूको उत्तर मैले दिन सके पनि नसके पनि यस सङ्ग्रहमा भएका सवै कमी-कमजोरीहरूप्रति सम्पादकका नाताले म क्षमायाचना गर्दछु ।

अन्त्यमा,
यो कवितासङ्ग्रह समर्पित छ
यस सङ्ग्रहभित्रका सुन्दर कविताहरूमा
सुन्दर स्वरूप लिई झलझलाकार बनेका
सुन्दर कवि पूर्णप्रसाद ब्राह्मणलाई
जो
'पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते'
ले भनेझैं
यस सङ्ग्रहमा समेत
जतावाट जोडे पनि 'पूर्ण' नै देखिनुहुन्छ
जतावाट घटाए पनि 'पूर्ण' नै देखिनुहुन्छ ।

– हरि मञ्जुश्री

हाल : बनेपा – १०, काभ्रे
दूरभाषसङ्ख्या : ०११-६६२९६२

प्रकाशकीय

मेरा श्रद्धेय पितामह कवि पूर्णप्रसाद ब्राह्मणका फुटकर कविताहरूको सङ्ग्रहको प्रकाशक बन्नुपर्ला भनेर मैले कहिल्यै पनि सोचेको थिइनँ, तर साहित्यकार, ग्रन्थसम्पादक तथा अन्वेषक हरि मञ्जुश्रीको सौजन्यको कारणले मैले हजुरबुवाको पुस्तकलाई प्रकाशन गर्ने सौभाग्य पाएँ। मेरा लागि यो गौरव र गर्वको कुरो हो । यस सङ्ग्रहको प्रकाशन गर्न पाउँदा आफ्ना परमादरणीय हजुरबुवाका निम्ति उहाँकै साहित्यिक क्षेत्रबाट मैले पनि केही गर्न सकें कि भन्ने मलाई लागेको छ।

साहित्यकार हरि मञ्जुश्रीलाई मेरा हजुरबुवाले आफ्नो निधन हुनुभन्दा पहिले आफ्ना अप्रकाशित रचनाहरू अत्यन्त विश्वासपूर्वक सुम्पिनुभएको थियो भन्ने कुरा हामीलाई थाहा थिएन । उहाँको निधनपछि हरि मञ्जुश्रीको सम्पादनमा मेरा हजुरबुवाको लघुकाव्य 'सम्झौटो' को प्रकाशन भएको चाहिँ हामीलाई थाहा थियो । त्यसपछि हरि मञ्जुश्री र जीवनचन्द्र कोइरालाको संयुक्त सम्पादनमा 'पूर्णप्रसाद ब्राह्मण स्मृतिग्रन्थ' को प्रकाशन भएको पनि हामीले थाहा पाएका थियौं।

एकदिन प्राध्यापक तथा वरिष्ठ साहित्यकार राममणि रिसालज्यूले 'हरि मञ्जुश्री भाइसँग पूर्णप्रसाद ब्राह्मणका अप्रकाशित कविताहरू छन्, हरि मञ्जुश्रीलाई सम्पादन गर्न आग्रह गरेर तिनलाई छाप्नुपर्छ' भनेर हाम्रो परिवारलाई घचघच्याउँदा हामी छक्क पर्‍यौं। उहाँकै सहयोगबाट हरि मञ्जुश्रीसँग हाम्रो फेरि साक्षात्कार भयो । उहाँले मेरा हजुरबुवाका

कविताहरूको हस्तलिखित पाण्डुलिपि हामीलाई देखाउनुभयो । मेरा हजुरवुवाले लेख्नुभएको उपन्यास 'राजा पुरञ्जन' को हस्तलिखित पाण्डुलिपि मेरा आदरणीय ठूलावुवा रमेश शर्मालाई प्रकाशनका लागि वुझाइएको तर त्यो उपन्यास हालसम्म छाप्न नसकिएको कुरा पनि उहाँले गर्नुभयो । राममणि रिसाल र हरि मञ्जुश्रीले कवितासङ्ग्रहको प्रकाशन गरिदिन हामीसँग आग्रह गर्नुभयो । फुपाजु केदारनाथ आचार्य, फुपूदिदी श्रीमती इन्दिरा आचार्य, ठूलावुवा-ठूलीआमा, काका-काकीलगायत परिवारका सवैजनासँग सल्लाह भयो र प्रकाशनका लागि स्वीकृति दिइयो। मेरा वुवा सुरेश शर्माले यसमा विशेष रुचि राख्नुभयो । कवितासङ्ग्रहको सम्पादन गरिदिन हामीले हरि मञ्जुश्रीलाई आग्रह गऱ्यौं। उहाँले पाण्डुलिपिलाई टङ्कित गराउनुभयो र सम्पादन गरी शुद्धाशुद्धिसमेत मिलाएर ल्याउनुभयो। कवितासङ्ग्रहका लागि राष्ट्रकवि माधवप्रसाद घिमिरेको मन्तव्यका सन्दर्भमा पनि उहाँको सहयोग रह्यो । वरिष्ठ साहित्यकार राममणि रिसालज्यूले मुद्रणकार्यका लागि पनि सहयोग गरिदिनुभयो। यसरी यो पुस्तकको प्रकाशन सम्भव भएको हो। उहाँहरूको यो सहयोगका लागि हामी ऋणी छौं।

अन्वेषक एवं साहित्यकार हरि मञ्जुश्रीले २०४६ सालदेखि २०६२ सालसम्मको १६ वर्ष मेरा हजुरवुवाका फुटकर कविताहरूको हस्तलिखित पाण्डुलिपि सुरक्षित राखिदिनुभएर हामीले गर्नुपर्ने सवै काम गर्नुभएको रहेछ। यसका लागि हामी उहाँप्रति विशेष आभार व्यक्त गर्दछौं। कवितासङ्ग्रहको सम्पादन गरी प्रकाशनयोग्य वनाइदिनुभएकोमा पनि उहाँप्रति कृतज्ञ छौं। भोलिका दिनमा उहाँको सहयोगले फेरि 'राजा पुरञ्जन' उपन्यासको प्रकाशन गर्नमा समेत हामी सफल हुन सक्ने छौं भन्ने हामीलाई विश्वास छ।

मेरा हजुरवुवाको यस कवितासङ्ग्रहमा मन्तव्य लेखिदिनुभएकोमा मेरा आदरणीय मीतहजुरवुवा राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु। कवितासङ्ग्रहको अक्षराङ्कन गरिदिने दिदीहरू गीता मञ्जुश्री, रेखा अधिकारी, दाइ गङ्गाराम गड्तौला तथा मुद्रणकार्य गरिदिने पत्रकार दाइ जयदेव भट्टराईप्रति धन्यवाद व्यक्त गर्दछु।

हाम्रो समस्त परिवार पूज्य हजुरवुवाको आत्माको चिरशान्तिको कामना गर्दछ।

– श्रीयोग शर्मा

कविताक्रम

१.	अन्तरात्मासँग	:	१
२.	धर्मसंस्कृति	:	२
३.	युवकहरूसँग	:	४
४.	लाटोकोसेरो	:	५
५.	नेताजी : साधारण दृष्टिमा	:	७
६.	नेताजी : तात्त्विक दृष्टिमा	:	८
७.	श्मशानशान्ति	:	११
८.	श्रममार्ग	:	१३
९.	मेरो सपना	:	१४
१०.	तप्त संवेदना	:	१६
११.	साथी मङ्गलमान फर्किय	:	२०
१२.	साथी हो, उठ !	:	२१
१३.	झरना	:	२२
१४.	नानी, जाइहाल !	:	२३
१५.	मुक्ति	:	२५
१६.	विश्वमानवको व्यथित सङ्कल्प	:	२७
१७.	कस्तो नराम्रो भयो	:	२९
१८.	वसन्तको सम्झनामा	:	३०
१९.	संयुक्त इच्छा	:	३२
२०.	कविजी : साधारण दृष्टिमा	:	३३
२१.	कविभावना	:	३५
२२.	हनुमान्को गर्जना	:	३७
२३.	रावणको अन्तिम अनुभूति	:	३९

२४. जब राष्ट्रवादको प्रश्न छ : ४१
२५. अश्वत्थामाको कर्मयोग : ४६
२६. नेपालको धारणा : ४९
२७. माछापुच्छ्रे : ५०
२८. काफल्डाँडा : ५१
२९. राहु कराउने प्रथा : ५३
३०. एक उद्‌वोधन : ५६
३१. कम्प्युटरसँग : ५७
३२. पाइनँ : ५८
३३. देऊ आशिष वुद्ध : ५९
३४. स्वागतम् : ६०
३५. पृथ्वी-स्मृति : ६१
३६. आउ हे वीर राजा ! : ६२
३७. प्रजातन्त्रदिवसको निर्देश : ६३
३८. आजको स्मृति : ६४
३९. सादर स्मृति : ६५
४०. स्मरण : ६६
४१. उद्‌गारमय स्मृति : ६७
४२. महेन्द्रसन्देश : ६८
४३. मुटुको व्यथा : ६९
४४. शुभेच्छा : ७१
४५. गर्व-उद्‌गार : ७२
४६. उद्‌गारपूर्ण कामना : ७३
४७. पूर्णायुको कामना : ७४
४८. शुभकामना : ७५
४९. वाँची रहौं विश्वमा : ७६

५०.	श्रीपेच	:	७७
५१.	एक अभिव्यक्ति	:	७८
५२.	नववर्षको स्वागत	:	७९
५३.	कर्मी बनौं राष्ट्रको	:	८०
५४.	आरोग्य	:	८१
५५.	शुभ-आशंसा	:	८२
५६.	खोजी	:	८३
५७.	प्रतिवेदन	:	८४
५८.	राष्ट्रको माग	:	८५
५९.	जागर्ति	:	८६
६०.	आत्मस्मृति	:	८७
६१.	उपकार	:	८८
६२.	श्रीपञ्चमीको बिहान	:	८९
६३.	कवितासित	:	९०
६४.	अपरिचिता	:	९१
६५.	प्रभातजन्म	:	९३
६६.	तुषारो	:	९६
६७.	कुकुर-बिरालो	:	९७
६८.	रमाको मर्मव्यथा	:	९९
६९.	गद्यकविता	:	१०१

अन्तरात्मासँग

म जाति-वंशवादको छु घोर-घोर दुश्मन
म आफ्नु देशवन्धुको बिहाल देख्न सक्तिनँ ।
कुनै वनोस्, कुनै निभोस्, कुनै उठोस्, कुनै लडोस्
समानताविहीन यो दशा म हेर्न सक्तिनँ ॥
(१)

कुनै छ जाति आफुलाई उच्च पूज्य सम्झने
कुनै छ वंश आफुलाई देववंश सम्झने ।
न योग्यता, न शुद्धता, न देशमाथि भक्ति छ
न भाइमाथि प्रेम ! टुप्पिई त्यसै करेप्तछ ॥
(२)

छ अन्धभावना जहाँ-जहाँ, त्यहीँ छ आसन
छ अन्धमण्डली जहाँ-जहाँ, त्यहीँ छ पोषण ।
छ ढोङ व्यर्थको परम्परा र तन्त्र-मन्त्रको
यही असत् कला फिँजी हसुर्छ भाग लाखको ॥
(३)

यही छ भाइवीच ऊँचनीचता जगाउने
यही छ देशभित्र भ्रातृएकता फुटाउने ।
यही छ रोक भाइभाइको समूहश्रेयमा
यही छ अन्धकार देशको विकासमार्गमा ॥
(४)

छ जाति-वंशवाद देशको र भाइभाइको
विखालु शत्रु आजको, जरैसँगै उखाड्छु यो ।
मलाइ देउ त्यो अदम्य शक्ति अन्तरात्म है
मलाइ देउ हेर्न यो समाज हृष्टपुष्ट है ॥
(५)

(कविको निधनपछि 'निर्मल साप्ताहिक' पत्रिकामा हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

धर्मसंस्कृति

जुन हो ऋषि-संस्कार, जुन हो ऋषि-संस्कृति ।
विश्वशान्ति दिने हाम्रो त्यही हो धर्मसंस्कृति ॥
(१)

यी ब्रह्माण्ड बगैंचा हुन्, वृक्ष छन् कोटि जातका ।
फूल रङ्गी-विरङ्गी छन् त्यस्तै कोटी प्रकारका ॥
(२)

के विरिञ्चि र के कीट, के पर्वत, नदी, वन ।
यी सवै फूल फक्रिन्छन् नाना सत्ता लिईकन ॥
(३)

अणु हुन् वा महान् सारा यी छन् कोमल भङ्गुर ।
अङ्कुराई, फुली, फक्री वैलन्छन् सव आखिर ॥
(४)

यस्तो ठूलो बगैंचा छ हाम्रो आँखाअगिल्तिर ।
तर देखिन्न यसको मालीचाहिँ कतैतिर ॥
(५)

ती वृक्ष, ती फूलहरू अरूकै निम्तिमा सब ।
गर्छन् अर्पण श्रद्धाले आफ्नो प्रसव-सौरभ ॥
(६)

सूर्य, चन्द्र र आकाश, नदी र वन, पर्वत ।
सब आफ्नै कर्ममा छन्, सब अन्यार्थ व्यापृत ॥
(७)

दम्भ, हिंसा, शोषणको पारतन्त्य र दैन्यको ।
तिनमा त्यो कुनै भाव छैन, सत्ताभिमानको ॥
(८)

सबको लक्ष्य छ यही – ब्रह्मा, कीटलगायत ।
पृथ्वी, अप्, तेज, आकाश, वायु होऊन् सुतर्पित ॥
(९)

सर्वत्र शान्ति होस् पृथ्वी, अप्, औषधि र व्योममा ।
सबै दिशामा, सन्ध्यामा दिन-रात्रि र वर्षमा ॥
(१०)

सबको छ पृथक् सत्ता, स्वत्व, प्रकृति, आकृति ।
तर ती सबमा ऐक्य देख्ने एक छ संस्कृति ॥
(११)

जुन हो ऋषि-संस्कार, जुन हो ऋषि-संस्कृति ।
विश्वशान्ति दिने हाम्रो त्यही हो धर्मसंस्कृति ॥
(१२)

□□□

युवकहरूसँग

यस्तो मूर्दासरह त सधैं जिङ्ग्रिई बाँच्नु छैन
नेपालीको सहज गुण त्यो वीरता मार्नु छैन ।
फूकौं-फूकौं मिलित स्वरले मुक्त विद्रोह-नारा
फोरौं-फोरौं अब अति छिटो दैन्यको लौहकारा ॥
(१)

चाहौं – फेरी पनि यदि त्यही काँगडा पुग्न सक्थ्यौं
दिन्थ्यौं फेरी मदत सहजै जर्मनै ढाल्न सक्थ्यौं ।
कस्ले गर्दा यति तल पऱ्यो वीरको देश हाम्रो
केले गर्दा यति पिछडियो वीर यो जाति हाम्रो ॥
(२)

भारी बोक्नूविनु अरु कुनै आज उद्योग छैन
खोलेफाँडो पनि त सबको पेटले पाउँदैन ।
नेपालीको व्यथित मनको आँसु को आइ पुच्छ ?
को अर्कोले तन-मन दिई देश हाम्रो उचाल्छ ? ॥
(३)

नेपाली हे युवकहरु हो ! छोड यी क्षुद्र लक्ष्य
भाई-भाई मिल सब लिई देशनिर्माण लक्ष्य ।
वाढीभ्कैं भै वढ समरमा फोर ती क्लैव्य-सीमा
घट्नैपर्छन् विपुल घटना वीरका जिन्दगीमा ॥
(४)

पूरा आयू अरुसरह नै हामिले बाँच्नुपर्छ
धोई चिन्ता भइ भरसिलो हामिले हाँस्नुपर्छ ।
पैलो जोधा भइ प्रगतिमा हामिले बढ्नुपर्छ
यौटा आफ्नो चिनु जगतमा हामिले छोड्नुपर्छ ॥
(५)

(कविको निधनपछि 'ध्येयचिन्तन' नामक पत्रिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

लाटोकोसेरो

मलाई भन्दछन् लाटोकोसेरो, तर वास्तव ।
म छैन लाटो, भ्रममा परेका छन् चरा सव ॥
(१)

यही बुझ्न त गाह्रो छ, के हो जीवनदर्शन ?
के हो सुषुप्त वेलाको चोखो सङ्ग्रह शोषण ?
(२)

जान्दैनन् अरु ती मूर्ख आलोक कति शत्रु छ ?
प्रभाती गाउँछन् नित्य त्यसमा कति हानि छ ?
(३)

आफैं ब्यूँझाउँछन् चङ्ख व्याधा, वाज र कुक्कुर ।
जहाँ चर्नु छ आफैंले, कस्ता वेहोस पामर ॥
(४)

खोज्न गाह्रो, भेट्न गाह्रो झन् गाह्रो खानलाइ छ ।
कतै ढुङ्गा, कतै पासो, कतै दुर्भेध्य जाल छ ॥
(५)

सवै पक्षी यही दुःख भोग्दै छन् आफ्नु वुद्धिले ।
मेरो राज्य त सिङ्गै छ रात्रिको, चर्छु ऐशले ॥
(६)

मेरो गुँड छ सम्पन्न, जहान-वचराहरू ।
हृष्ट छन्, पुष्ट छन् साथै समदृष्टि चराहरू ॥
(७)

अँध्यारो जव फैलन्छ सव मौन र निद्रित ।
वन्छन्, मेरो राज चल्छ निरापद र निश्चित ॥
(८)

खानैपर्दछ पाएको यस्तो मौका मिलेपछि ।
वाँचुन्जेल सुखै भोग्छु डुमै राजा मरेपछि ॥
(९)

लहैलहैमा लागेर कस्ले मौका गुमाउँछ !
आलोकको गान गर्दा आफ्नै भाग हराउँछ ॥
(१०)

वाहिरी यशले के भो ? भाको वन्न र मारिन ।
मरोस् यश त्यही वेस, अघाई वाँच्न, कुम्लिन ॥
(११)

त्यसैले मन पर्दैन मलाई रश्मिदर्शन ।
सधैं भइरहोस् रात, अँध्यारै देख्न पाउँ म ॥
(१२)

□□□

नेताजी : साधारण दृष्टिमा

केही छैन पढाइ ठोस, जति हो त्यो पत्रिकाको भर
उर्ली वक्तछ मञ्चवाट मनमा जे-जे छ, रूखो स्वर ।
निन्दा गर्छ असभ्य चालसँग त्यो सर्कारलाई पनि
साथै निश्छल राष्ट्रभक्तहरुको चारित्र्यलाई पनि ॥
(१)

आफू मात्र स्वदेशभक्त अरु ता गद्दार हुन् देशका
आफू नै गतिशील, ती अरु सवै सङ्कीर्ण सिद्धान्तका ।
नित्यै यो उपपत्तिहीन छ कुरा, यस्तै छ मूढाग्रह
यस्तावाट विचार पाउनु छ के, के हुन्छ सत्याग्रह ॥
(२)

जेथा शून्य छ भित्र, बाहिर सबै बेचेर खाई सक्यो
आफ्ना बन्धु, कुटुम्ब, मित्र सबको कर्जा बुत्याई सक्यो ।
खर्चै मात्र छ, आय भन्नु न कुनै खेती र व्यापार छ
चन्दै माग्दछ बाँच्नलाइ त सधैं के काम यो गर्दछ ?

(३)

आस्था शून्य छ धर्म-संस्कृति र त्यो जातीयतामा पनि
आफ्नो निम्ति निमोठ्छ राष्ट्र, जनको कल्याणलाई पनि ।
अर्काकै भर गर्छ आफ्नु मतको औचित्य राख्नै पनि
शङ्काव्याकुल हुन्छ आफ्नु घरको सङ्घार टेक्नै पनि ॥

(४)

के बोलेँ पनि छैन, छैन अब के बोल्दै छु भन्ने पनि
बोल्दा नै जब धाक ठान्दछ जथाभावी भए तापनि ।
यस्तालाइ पनी महापुरुष नै मान्ने कति व्यक्ति छन्
कस्तो अद्भुत ! राष्ट्रमा कतिजना आँखा भई अन्ध छन् ॥

(५)

अर्कै काम छ, किन्तु बाहिर सधैं चर्को छ नारा पनि
छन् साथीहरु एकलक्ष्य तर छन् छक्याइएका पनि ।
नेता भैकन खालि देश, जनता झुक्याउने गर्दछ
यस्ता व्यक्तिविशेषको भर परे नेपाल यो डुब्दछ ॥

(६)

(कविको निधनपछि 'वन्दना' साहित्यिक पत्रिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

नेताजी : तात्त्विक दृष्टिमा

लाखौं वर्ष विते, मनुष्यहरुको आवास यो भूमिमा
कैयौं ती स्थिति भिन्नभिन्न थरिका झुल्के, मिटे शून्यमा ।
औतारी कति तत्त्वबाट गरिए कैयौं स्थितिस्थापन
केही तार चलेन, विश्वभरिमै बढ्दो छ सङ्घर्षण ॥
(१)

माग्छन् काम र माम तड्पिइ कतै, स्वातन्त्र्य माग्छन् कतै
विध्वंसात्मक उग्र सङ्गठनले विद्रोह गर्छन् कतै ।
छन् नाराहरुवाट मात्र जनता छक्याइएका कतै
छन् बन्दूक र तोप भुट्न जनता पड्काइएका कतै ॥
(२)

भिन्नै स्वार्थ छ राष्ट्र-राष्ट्रहरुको साथै समस्या पनि
स्पर्धा, वैर, विरोध, युद्ध तिनका छन् आपसैमा पनि ।
राष्ट्रैमा भन, विश्वमै भन कतै देखिन्न शान्ति-स्थिति
भोग्दै छन् जन आज विश्वभरका यै नारकीय स्थिति ॥
(३)

छन् साधारण व्यक्ति मूढ, जसको चर्चै पनी व्यर्थ छ
छन् मध्यस्थित क्षुद्र, वुद्ध जसको बेमेल नै लक्ष्य छ ।
माथी छन्, जसको धरातलभरी यै शाम्वरी खेल छ
को जोधा भइ विश्वशान्तिपथको निर्माणमा लाग्दछ ॥
(४)

यो विश्वैभरि शान्ति ल्याउनु महान् आदर्श हो, धर्म हो
हो सर्वोपरि यज्ञ, दान, तप हो, सेवा र कर्तव्य हो ।
यस्को लागि अनीतिलाइ पहिले कुल्ची सबै राष्ट्रको
उद्धारै गरिसक्नुपर्छ समता, स्वातन्त्र्यका साथको ॥
(५)

शान्तिद्रोहि यही अनीतितमको विध्वंसका निम्तिमा
चम्कन्छन् प्रतिराष्ट्र सूर्यसरिका नेता निजी मार्गमा ।

ती नेताहरु विश्वशान्तिपथको निर्माणकै खातिर
राष्ट्रोद्धारक बन्दछन् भइ सधैं निर्लोभ निर्मत्सर ॥

(६)

ती राष्ट्रोन्नतिकै निमित्त मनसा, वाचा अनी कर्मणा
लाग्छन् हर्दम राजनीतिपथमा राखेर सद्भावना ।
बस्छन् ती घरमा, परन्तु गृहिणी, सम्पत्ति, पुत्रादिमा
मायामोह कतै हुँदैन तिनको आफ्नै पनी देहमा ॥

(७)

हुन्छन् ती खुसहाल आफ्नु घरमा भन्दा कडा जेलमा
गर्छन् लालच दासता-पदकमा भन्दा कडा नेलमा ।
अत्याचारविरुद्ध घोष तिनको स्वर्गीय सङ्गीत हो
त्यो सङ्घर्ष, विरोध, वैरदिन नै उत्साहको चाड हो ॥

(८)

चर्चा, चिन्तन, प्रश्न-उत्तर तथा सङ्घर्ष, सम्मेलन
जो हुन्छन् सब राजनीतितिर नै हुन्छन् सदेहार्पण ।
आफ्नो स्वार्थ र आयनिम्ति नहुँदा केही पनी चिन्तन
हुन्छन् नै घरबार ध्वस्त तिनका जानी-नजानीकन ॥

(९)

व्यापारी र कुलीन के, अरु लिखे ती कर्मचारी पनि
भ्रष्टाचार र घूसको रकमले ठान्छन् म ठूलो भनी ।
त्यस्ता क्षुद्र र अर्थदासहरुको साङ्कर्यको माझमा
हुन्छन् व्यापृत नग्न, निःस्पृह महान् नेताहरू कार्यमा ॥

(१०)

हुन्छन् ती सुखदुःख, मान र घृणा, सम्पत्ति, आपत्तिमा
एकैनास सधैं, अधीर कहिल्यै हुन्नन् वृहत् लक्ष्यमा ।
यस्तै निश्छल, कर्मवीरहरुको सङ्घर्षले, त्यागले
बन्दा छन् सब राष्ट्र मुक्त र सुखी-सम्पन्न ऐश्वर्यले ॥

(११)

❑❑❑

श्मशानशान्ति

नदीको तट, धूवाँले धुम्रा ती पातला रुख।
प्रदेश त्यो छ, जसको ख्यात नाम श्मशान छ॥
(१)

मध्याह्नको घाममा ती जली पत्थर, गेगर।
चकमन्न प्रदेशै त्यो हुन्छ मूर्च्छित, निद्रित॥
(२)

नरका हाड छन् ढुङ्गाहरूका साथ मिश्रित।
मानो चेतनका अङ्ग जडका साथ निद्रित॥
(३)

छन् त्यहाँ कुक्कुरहरू अजान रुखमुन्तिर।
भोकले हाडका निम्ति जुधी थाकेर निद्रित॥
(४)

सिनुले तृप्त भै एक पक्षभित्र उनी शिर ।
रुखका माथि हाँगामा केही छन् गृध निद्रित ॥
(५)

दाउराका ठुटा काला, कोइलाहरु मिश्रित ।
देखिन्छन् मानुँ जागा भै स्थितिले अब निद्रित ॥
(६)

दृश्य वातावरण यी सब छन् शून्य, निद्रित ।
किन्तु भल्को भई राख्छ के-के नि:शब्द क्रन्दित ॥
(७)

मानौं त्यहाँ एक तत्त्व जागा कोही अवश्य छ ।
मध्याह्नमा हाड, ढुङ्गा दाँत देखाइ हाँस्तछ ॥
(८)

मानौं सबैको निद्रामा त्यसको राज चल्दछ ।
मानौं श्मशानमा मात्र ऊ आफ्नो शान्ति देख्तछ ॥
(९)

आउँछन् औ गई हाल्छन् रोई ती जिउँदाहरू ।
उसका राज्यमा हुन्छन् मर्ने मात्र प्रजाहरू ॥
(१०)

कहिल्यै पनि ती रुन्नन्, कराउन्नन् कसैसित ।
श्मशानशान्तिको मौन व्यथा भन्छन् शिलासित ॥
(११)

□□□

X

श्रममार्ग

कायक्लेश खपेर, लाग जति नै एकाग्र सेवामहाँ
देख्तैनन् अरु देवता, फल कुनै मिल्दैन यो जन्ममा ।
सारै कोमल, तत्क्षणै फल दिने, साक्षात् र प्रत्यक्ष ता
पृथ्वीमा श्रमदेवतासरि कुनै छैनन् अरू देवता ॥

(१)

गङ्गासागर आदि तीर्थहरुमा स्नानादि लाखौं गर
मिल्ला जीवनकालमै फल भनी को गर्न सक्ला भर ।
तस्मात् यी श्रमदेवकै वरु कृपाधारा पसीनामहाँ
नित्यस्नान गरे त ती फल सवै भेट्छौं यही जन्ममा ॥

(२)

देख्छौं जो नव विश्व, यो श्रमिककै संयुक्त निर्माण हो
साँच्चै सङ्गविहीन त्यागतपकै यो एक आदर्श हो ।
यै आदर्श समस्त वर्ग अरुले लिन्थ्यौं त हामीसित
मैत्री गर्न तुरुन्त देवगण ती हुन्थे समुत्कण्ठित ॥

(३)

(कविको निधनपछि 'ध्येयचिन्तन' पत्रिकामा हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

मेरो सपना

ग्रीष्मको रात, के होला मैले सपना देखेको ।
हिमालमुनि प्रमथगण ओर्लेर गर्जेको ॥
(१)

पृथ्वीको माझ मैदान, ठूलो सङ्ग्राम खेलेको ।
गर्विलो तिन्को हुङ्कार, दिशा वहिरो भएको ॥
(२)

जीउ छ हाडैहाड र नसैनसाले जेलेको ।
नाराको गीत, पेटको मादल ठोकेर नाचेको ॥
(३)

पैताला ठोक्ता जमीन काँपी भूकम्प भएको ।
धूलोले आकाश पृथ्वीको ठूलो चँदुवा भएको ॥
(४)

जोसको श्वास ती अग्ला रुख पल्टेर सोत्रेको ।
आकाश छुने दर्बार-महल भत्केर लडेको ॥
(५)

एटमजस्तो विषालु खित्का दर्पमा फुटेको ।
प्रलयकारी सङ्ग्रामनृत्य, जमिन फाटेको ॥
(६)

रक्तको मूल फुटेर लाल समुद्र बनेको ।
दुनियाँभरि करुण भीषण चीत्कार उठेको ॥
(७)

दानवी लास उत्रेर आफैं सलल बगेको ।
स्याल र गिद्ध वथान मिली त्यौहार मानेको ॥
(८)

सामन्ती न्याय, सामन्ती कला-साहित्य डुबेको ।
सङ्कीर्ण धर्म-दर्शन सबै पाताल भएको ॥

(९)

के देखें मैले सपनाभित्रै विहान भएको ।
उषाले नयाँ किरणकलम, मसीले सुनको –

(१०)

हिमाल सेतो भित्तामा नयाँ विधान लेखेको ।
पन्छी र झर्ना मिलेर स्वर्ण-युगमा गाएको ॥

(११)

मानवभित्र नवीन जीवन सञ्चार भएको ।
भोक र रोग मिटेर तृप्ति आरोग्य फैलेको ॥

(१२)

मिलेर ज्ञान-विज्ञान दुवै हाँसेर खेलेको ।
स्वर्ग र भूमिवीचमा पुल सुनले बाँधेको ॥

(१३)

दुनियाँभित्र विषमताका संस्कार मिटेको ।
पुराना कथा हालेर आफ्ना मानव हाँसेको ॥

(१४)

सङ्कीर्णवाद, धर्मको झण्डा फाटेर गएको ।
एउटै मानवधर्मको झण्डा विश्वमा उठेको ॥

(१५)

त्रास छ केवल मृत्युको, विश्वमानव मिलेको ।
ज्ञान र विज्ञान हातमा, मृत्यु-सिकार खेलेको ॥

(१६)

ग्रीष्मको रात के होला मैले सपना देखेको ।
हिमालमुनि प्रमथगण ओर्लेर छिपेको ॥

(१७)

(२००८ साल मङ्सिर १६ गते लिखित)

❑❑❑

तप्त संवेदना

छ रात्रि, अहिले पनी छु थितिमै जुन स्वप्नको
म अद्‌भुत कथा सुनाउँदछु यो त्यही स्वप्नको ।
छ स्वप्न तर जाग्रतैसरि मलाइ यो भास्तछ
त्यसै भइ सधैं यही भ्रमण-शृङ्खला चल्दछ ॥
(१)

घुमें म अघि अफ्रिका अनि युरोप, अस्ट्रेलिया
त्यहाँपछि अमेरिका पनि घुमें सकी एसिया ।
छ फेरि अब एसियैतिर वसेर घुम्ने क्रम
समस्त जगतै यही क्रम सधैं-सधैं घुम्छु म ॥
(२)

म पुग्दछु जहाँ त्यहीं शिविर-वास मेरो भयो
त्यहीं स्थित रिवाज, भेष, कुल, जाति आफ्नो भयो ।
छ जोसँग विशेष, त्योसँग घनिष्ठ नाता भयो
चिनिन्छु जसवाट, त्यो घर र नाम मेरो भयो ॥
(३)

घुमेर जव वस्नलाइ अरु वासमा सर्छु म
समस्त वदलिन्छ नाम, कुल, जाति, कार्यक्रम ।
कुनै पनि विमुक्तको मिलन हुन्न छोडेपछि
कहीं स्मरणसम्म हुन्छ तप, ध्याननिष्ठापछि ॥
(४)

मभित्र कुन तत्त्व वस्छ, त्यसकै लिई प्रेरणा
म सोच्तछु, निहार्छु, गर्छु त्यसकै लिई मन्त्रणा ।
परन्तु त्यसबाट भोग्छु परिणाम नानाथरि
विचित्र ! किन प्रेरणा हुन दिँदैन एकैथरि ॥
(५)

पुगेँ म कति वासमा त नचिताइ राजा हुन
गरेँ कति विलास, भोग र महत्त्वका शासन ।
पुगेँ म कति ठाउँमा हुन महादरिद्री पनि
परेँ म कति दुःखमा, सपरिवार भोकै पनि ॥
(६)

मिलेर गृहिणी स्वभावअनुकूल लक्ष्मीसरि
चल्यो कतकतै समग्र घरवार स्वर्गैसरि ।
कतै कलहकर्कशप्रकृति गेहिनी भेटियो
अशान्त घरवार त्यो नरकतुल्य नै भोगियो ॥
(७)

कतै समयको मिलेर सुविधा म विद्वान् भएँ
प्रसिद्ध भइ देशमा यश र मानले शोभिएँ ।
कतै विवश भै म निन्द्य खलकर्ममा हेलिएँ
भएर बदनाम दण्डित भएँ, कतै मारिएँ ॥
(८)

हरे ! कति त अन्धकारमय वास कस्ता परे
शकुन्त, पशु, कीट, मत्स्य, मृग आदि नाता परे ।
भएछु म तिनीसँगै हृदय गाँसिएको पनि
थिएन सुझ यो जगत् यति वृहत् छ भन्ने पनि ॥
(९)

यही क्रम विवर्तमै परिरहेँ म रातोदिन
भएन वल चक्रमा फसिसकेपछी उम्कन ।
दुरन्त यस चक्रको भ्रमणले म थाकी सकेँ
गल्यो सकल अङ्ग यो, मन र चित्त मारी सकेँ ॥
(१०)

यही विपदवाट झट्ट मनमा कुरा यो फुऱ्यो –
पुरानु दिलदार मित्र पनि एक मेरो थियो ।
परें कि त म कष्टमा, अनि उ आउने गर्दथ्यो
सुनी हृदयवेदनाहरु छुटाउने गर्दथ्यो ॥
(११)

अनन्य गतिको भए शरणमै लिने गर्दथ्यो
मलाइ दिन मुक्ति-उन्नति उ चाहना गर्दथ्यो ।
दियो पनि अनेकवार सुरलोक, इन्द्रासन
लिएँ कति अरू प्रभाव र महत्त्वका आसन ॥
(१२)

थियो छन त त्यो पनी विविध दुःखचक्रै, तर
थिएन कहिल्यै पनी यति असह्य पीडाकर ।
तसर्थ त्यस मित्रलाइ अव फेरि वोलाउँछु
कृपालु छ, उ सुन्छ, दर्द मनका सवै पोख्तछु ॥
(१३)

विचार यति भैसकेपछि त संयतात्मा वनी
दुवै नजर चिम्लिईकन पुकार्न थालेँ पनि ।
म हे सदय मित्र घोर विषयाग्निले तप्त छु,
वचाउ अतिशीघ्र नत्र अति तापमा पर्दछु ॥
(१४)

न देह, न त गेह, वैभव न वन्धु भन्नेहरू
तिमीविनु कुनै पनी मदतगार छैनन् अरू ।
छ चाप अति, आइहाल नअडी छिटो चालमा
छु ताहाचलमै, म भेट्तछु सखे ! यही वासमा ॥
(१५)

सुनेन कि सुन्यो कि, वा न त पुकार्न नै जानिनँ
न वा उ पनि सज्ज नै छ कि मलाइ चेताउन ।
यही विषयमा छ आज मनमा निकै रन्थन
वुझिन्न अझ चित्तशान्तिप्रद त्यो कुनै लक्षण ॥
(१६)

मिलेन विधिप्रक्रिया यदि पुकारको नै भने
अभाग्यवश मित्रसङ्गम भएन आजै भने ।
म भोलि कुन वासमा र कुन फेरमा पर्दछु
न मित्रस्मृति नै रहन्न त्यसमा ! त्यसै रिङ्दछु ॥

(१७)

न रिङ्नु छ यसै गरीकन हरे ! सधैं कल्पिई
अवश्य म रिडी रहन्छु पिरिई, जली, तड्पिई ।
छ आजतकको यही कटु कथानक स्वप्नको
छ रात्रि, अहिले पनी छु थितिमै त्यही स्वप्नको ॥

(१८)

❑❑❑

साथी मङ्गलमान फर्किय

साथी मङ्गलमान ! आज सँगमा छैनौ तिमी, तैपनि
सम्झन्छौं सव – जोसिला, करतिला हुन् कार्यकर्ता भनी ।
सेलायो जनपक्षमा स्वर भने सम्झिन्छ तिम्रै स्वर
औदासीन्य वढ्यो कि झल्झल तिमी नै देखिइन्छौ वर ॥

(१)

'नेपाली' उपनामले हृदयका दिन्थ्यौ तिमी दर्शन
जुध्थ्यौ हर्दम न्यायका रिपुसँगै वोकी जनक्रन्दन ।
सोचेनौ कहिल्यै कुनै पनि कुरा त्यो स्वार्थको निम्तिमा
जो वोल्यौ र चल्यौ समूहहितकै लागी गर्‍यौ राष्ट्रमा ॥

(२)

साथी मङ्गलमान ! जेल त सधैं तिम्रो थियो मावल
आफ्नो देश-समाजखातिर तिमी हुन्थ्यौ सधैं व्याकुल ।
तिम्रा त्याग र सक्रियत्व सवका होऊन् पुनः प्रेरक
तिम्रो स्थान छ फर्क यै मुलुकमा भै वीर उन्मेषक ॥

(३)

हाम्रो त्यो जनपक्षको ज-जसमा आस्था थियो ती मरे
भिर्दै नाम र रूपचाहिँ अधिकै नाच्तै पनी छन् अरे ।
सच्चा मानिस भेटिइन्छ विरलै, खाँचै छ यो सम्झिई
साथी ! राष्ट्रनिमित्त फर्किय तिनै सद्भाव, निष्ठा लिई ॥

(४)

□□□

साथी हो, उठ !

युद्धैयुद्ध छ विश्वमा, 'जनक' कै सन्देश यो लानु छ
निभ्दै छन् कति राष्ट्र ती, 'अमर' कै आत्मा त्यहाँ भर्नु छ ।
'ईशावास्य' छ कर्मतत्त्वप्रतिको निर्देश यै बाँड्नु छ
साथै मर्त्यहितार्थ यै मुलुकमा सञ्जीवनी खोज्नु छ ॥
(१)

जन्मिन् शक्ति यहीँ हिमाचलमहाँ, जन्मिन् यहीँ मैथिली
जन्मे वुद्ध यहीँ अहिंसक नयाँ आलोक-उन्मेष ली ।
हामीले पनि विश्वनिम्ति नगरे को गर्छ त्यो त्यो अब
साथी हो ! उठ, राख्नुपर्दछ महान् नेपालको गौरव ॥
(२)

(कविको निधनपछि 'हिन्दू साप्ताहिक' पत्रिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

□□□

झरना

छौ सृष्टिको वाङ्मयभित्र एक
आदर्श उच्छ्वास तिमी पवित्र ।
जो शब्दझङ्कार दिएर दिव्य
निर्देश गर्छौ पथ शान्तभव्य ॥

(१)

रोकिन्न तिम्रो कहिल्यै अथाह
परार्थ यो स्निग्ध क्रियाप्रवाह ।
तिम्रो यही निःस्पृह कर्मवाद
टिप्छन् र वक्छन् अरु शास्त्र, वाद ॥

(२)

प्रपात, आघात, विघात सारा
मिच्ने र बढ्ने दिइ सत्य नारा ।
यो शान्त 'सत्याग्रह' प्रक्रिया जो
देखिन्छ, तिम्रै सहि देन हो यो ॥

(३)

निष्काम सत् लक्ष्य लिएर बढ्नु
निष्पक्ष चारैतिर स्नेह छर्नु ।
कामै छ तिम्रो झरना ! प्रमाण
हो मन्त्र तिम्रो – गति, आत्मदान ॥

(४)

मनुष्यको जीवन पूर्ण पार्न
यो मन्त्रको स्निग्ध प्रसार गर्न ।
तिम्रो यही जीवनको प्रणाली
चली रहोस् विघ्नहरू पखाली ॥

(५)

❑❑❑

नानी, जाइहाल !

सर्वोच्चचाहिँ विधिको रचनाप्रकार
ज्यादै सफा र अति उज्झर त्यो मुहार ।
देख्ता अरू पनि सुकोमल कान्त अङ्ग
उठ्तैनथ्यो र कसको दिलमा उमङ्ग ॥

(१)

तिम्रो रसात्मक मनोहरता पिएर
वेजोड त्यो सुरभि मादकता लिएर ।
तिम्रो प्रभाववशमा नपरेर नानी !
को उम्कला र अभिशाप छ यै जवानी ॥

(२)

जो स्वप्नको अमृत खोज्दछ स्वर्ग धाओस्
जो साँच्चिकै अमृत खोज्छ मछेउ आओस् ।
यै घोषणा छ जगतैभरि नानि ! तिम्रो
चर्चा पनी छ, तर छैन कहीँ नराम्रो ॥

(३)

राजा, प्रजा, कवि र कायर, वीर सारा
तिम्रै रसात्मक लिएर विचारधारा।
खुल्छन् सबै भइ उदार समान बन्छन्
तिम्रो छ शक्ति कति लोक अचम्म पर्छन् ॥
(४)

नानी ! तिमी वरुणकी प्रिय एक छोरी
विस्तीर्ण अप्परिधिलाइ चरक्क फोरी।
आयौ अमर्त्य मधु मादकता लिएर
राज्यै गऱ्यौ सकलको मुटुमा बसेर ॥
(५)

व्रह्माण्डमा कति अरू पनि लोक होलान्
तिम्रा सबै गुण सुनेर विमुग्ध होलान्।
लेलान् तिमीप्रति कुतूहल, जाइहाल
के हो र मर्त्य ! अरुमाथि प्रभाव हाल ॥
(६)

□□□

मुक्ति

रहर छ अति नौलो विश्वसंसार हेर्न
तुलवुल छ अनौठो मर्त्यको भाव वुझ्न ।
तर वरपर रोक्छन् बन्धुका देखभाल
शिशुजन कति गर्ला मुक्तिको भित्र मोल ॥
(१)

वल छ अति, हिमालै बोक्न उत्साह छुट्छ
मद छ, विपुल विश्वै जित्नुझैं जोस उठ्छ ।
तर वरपर छेक्छन् न्याय, रीती, समाज
युवक कति छ भन्लान् मुक्तिको मोल आज ॥
(२)

सुत, धन, घर छोडूँ जिन्दगीमा छुटेन
यम-नियम गरूँ, त्यै गर्न मौका मिलेन ।
यसरि इह परत्रै मुक्तिनैराश्य-दग्ध
मनमन कति गर्ला मुक्तिको मूल्य वृद्ध ॥
(३)

विकसित अरु ठूला राष्ट्रझैं उठ्न खोज्ने
सुतप्रिय जनताको सर्व उत्थान खोज्ने ।
'स्पुतनिक युग' वुझ्ने आजको राष्ट्र जो छ
परवश, त्यहि गुन्ला मुक्तिको मूल्य के छ ॥
(४)

धन नभइ कुनै होस् क्षेत्र, उत्थान छैन
धनतिर यदि लागोस् मार्ग नै प्राप्य छैन ।
यसरि सतत जो छन् दैन्यकारा-निबद्ध
हतगति बिचरा ती सम्फलान् मुक्तिमूल्य ॥

(५)

जति विवुध गृही छन् मुक्तिकै गान गर्छन्
यतिजन जति होलान् मुक्तिकै चाह गर्छन् ।
तृण र तरु सबैका मुक्तिमै छन् विकास
चर-अचर जगत्का मुक्तिमै छन् प्रयास ॥

(६)

जलचर सब भन्छन् – मुक्ति नै जिन्दगी हो
थलचर सब भन्छन् – मुक्ति नै जिन्दगी हो ।
नभचर सब भन्छन् – मुक्ति नै जिन्दगी हो
प्रकृति सतत भन्छिन् – मुक्ति नै जिन्दगी हो ॥

(७)

विकसित युगमा छौं योग्य भन् बन्नुपर्छ
अब सब-सबमा यै चेतना बढ्नुपर्छ ।
मुलुकहरु सबै हुन् मुक्त औ व्यक्ति मुक्त
हृदयमल पखाली मर्त्य होस् मृत्युमुक्त ॥

(८)

❑❑❑

विश्वमानवको व्यथित सङ्कल्प

भई आँखा के भो, विपद अरुको देखिनँ भने
भई कानै के भो, सुनिनँ अरुको क्रन्दन भने।
हिँडी हालेँ बीत्यो, विषम स्थितिमा बन्धुहरु छन्
नसम्झेरै खाली जिउ र धनमै संशयित छन् ॥

(१)

न भाषा एकै छन्, न रङ, न त रीति, स्थिति घर
बिरानाझैँ ती छन् हितविषय हुन्नन् छलफल।
तँभन्दा मै ठूलो यहि छ तिनको मुख्य गरज
यसैले ती गर्छन् क्षणक्षणमहाँ वैर-कलह ॥

(२)

कुनै आफू मात्रै धनपति वनूँ भन्दछ जव
कुनै आफूलाई सुनसरि ठुलो मान्दछ जव।
नसोच्ने हो केही यदि प्रकृतिको सुन्दर कृति
जगत्-संसारै यो रुधिरमय होला अव कति ॥

(३)

सवैमा एकै छन् वर र परका मर्म-जलन
कती के टिक्ने हो, तन-धन सवैमा छ पतन।
डरै, शङ्कै, त्रासै पल र क्षणको जीवनमहाँ
कहाँ गै मिल्ने हो शिशिरतम विश्राम पथमा ?

(४)

त्यसैले नै विन्ती छ सव प्रिय भाईसँग यही –
नमान्नू है छैनन् तन र धन केही पनि सही ।
यिनैका निम्तीमा तँतँ र मम गर्दै नलड है
सवै भाई-भाई मिलिजुलि खुसाएर वस है ॥

(५)

तिमी जान्छौ, तिम्रो प्रिय तनयले खोज्दछ घर
यसैले यो पृथ्वी नरक नवनाऊ शवमय ।
सवै भाई बाँडीचुँडि अमृत खाएर बस है
सधैं खाँदा जुध्ने कुकुरसरि कोही नवन है ॥

(६)

समस्या सुल्झाई अवसर दिने शान्तिसुखको
अहिंसा नै यौटा भयरहित बाटो छ जनको ।
त्यही बाटो स्वर्गैसँग छ मिसिएको अलि पर
सवै भाई हाँसी वढ अघिअघि मृत्यु छ वर ॥

(७)

न सीमा ढुङ्गाको, कृतक न कुनै भेद छ त्यहाँ
न वाद स्पर्धाको, अशुभ न कुनै राग छ त्यहाँ ।
न फन्दा सत्ताको, अहित न कुनै वन्धन त्यहाँ
खुला, अग्लो, राम्रो कति चहकिलो विश्व छ त्यहाँ ॥

(८)

□□□

कस्तो नराम्रो भयो

भाईमै फुट, एकचाहिँ बलियो-बाठो, उसै थित्तछ
अर्को छट्पट गर्छ, बीच कसले मध्यस्थता गर्दछ।
झट्टै हे वनशैल, सिन्धु, झरना, आकाशका हे रवि
तोडी मौन समाधि बोल कुन हो दोषी ? छ यस्तो स्थिति ॥

(१)

झल्का लाग्छ जताततै करुणले चिच्याइ रोएसरि
जुद्धै मानव आफु-आफुविच नै टोकी चिथोरेसरि।
पृथ्वी रक्तमयी, सवै जन त्यहाँ आत्तेर पौडेसरि
धूवाँ पुत्पुत द्वेषको, जलनको संसार जल्लासरि ॥

(२)

पूँजी-पूँजि भनेर लाल मुखले चिच्याउँदा छन् कतै
रोटी-रोटि भनेर छिन्न स्वरले चिच्याउँदा छन् कतै।
केले मानवलोकमा कलहको वेताल यस्तो पस्यो
हाँहाँ छन् सब स्वार्थका असुर छन् संसार के पो भयो ॥

(३)

कस्लाई भर गर्नु आज सवले विश्वास पोलेपछि
के भो न्याय र सत्यको बिगुलले बाटो विराएपछि।
के भो वाद र तन्त्रले हृदयको मूलै नफूटेपछि
'रेटूँ-खाउँ' भनेर भाइसितको त्यै भाइ लागेपछि ॥

(४)

कस्तो सभ्य भई सभा-समितिको त्यो गर्छ सञ्चालन
आविष्कार अनेक गर्छ हितको त्यो गर्छ सम्भाषण।
के गर्ने तर भाइकै हक लुटी एक्लै हसुर्ने भयो
भन्दा मानिस, त्यो अझै छ पशुझैं कस्तो नराम्रो भयो ॥

(५)

(कविको निधनपछि एउटा पत्रिकामा हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

वसन्तको सम्झनामा

त्यो आँधीको, हिम-पतनको क्रान्ति सारा जितेर
फैलाएथ्यौ मृदु कुसुमकै राज साथी बनेर।
हाँसेका थे तुहिनगिरिका टाकुरा हर्ष छर्दै
गाएका थे विमल झरना स्निग्ध कल्लोल भर्दै ॥

(१)

खुल्थे साना तरुमहलका स्निग्ध हाँगा-हवेली
फुल्थे राम्रा मधुकुसुमका मञ्जरीका तरेली।
खोली पन्छी कलरव यहाँ गाउँथे मुक्त गीत
हुन्थ्यो वातावरण हँसिलो मुक्ति-आनन्दसिक्त ॥

(२)

चल्थ्यो हावा मधुसमयको एक सन्देश दिन्थ्यो
आत्मा हुन्थ्यो पुलकित उसै एक उत्साह लिन्थ्यो।
खोज्थ्यो स्नेही मिलन दिलले ऐक्यको भाव खुल्थ्यो
उठ्थ्यो के-के लहर दिलमा एक निर्माण सुझ्थ्यो ॥

(३)

फुल्ने-हाँस्ने तरुयुवकका लाख उत्साह मारी
सारालाई कुसुमवनको रामछाया दिखाई।
फर्की हाल्यो मधुसमयका मूर्तिमान् हे वसन्त
अल्प्यो हाम्रो हृदय, युगका भावना हे वसन्त ॥

(४)

मेट्तै तिम्रो मधुमय छटा छर्छ जो तापसेलो
ठन्डा शोभा हरितवनको जो छ आफैं डढेलो ।
शान्तिद्रोही युगयुग कलासभ्यताको हराम
फेरी आयो चिर रिपु उ त्यो ! ग्रीष्म जस्को छ नाम ॥

(५)

भोगेका छौं प्रकृति त्यसको आँत चूसेर सोस्ने
देखेका छौं मुख बिरसिलो हाडफैं किच्च हाँस्ने ।
छामेका छौं सतत त्यसको हात आगो बलेको
जानेका छौं हृदय त्यसको भन् धुवाई रहेको ॥

(६)

आफैं आगो छ त डर छ के ! खाक बन्ने छ आफैं
हेरौं थोरै दिन, कति छ त्यै शक्ति छाम्ने छ आफैं ।
फुक्छौं तिम्रो जब विजयको निम्ति कड्केर नारा
टिक्ला त्यो के भन ! सगरको बर्संदा कान्तिधारा !

(७)

फेरी तिम्रो विजयनिशिमा ती शरत् ज्योति छर्लिन्
हेमन्तश्री हिमकण छरी मार्गशृङ्गार भर्लिन् ।
सेवा गर्ला शिशिर ऋतुले मार्ग आफैं वनेर
फिर्नू चाँडै वरु ऋतुपते ! फूलमाथी चढेर ॥

(८)

रोकी आफ्नो रसमय गला कोयली कल्पिने छ
शोषी आफ्नो प्रगति भरना सम्भ, दुब्लाउने छ ।
गर्दै तिम्रो स्मरण, वनको कान्ति मुर्झाउने छ
आए है हे मधु ! समयमा लोक यो पिल्सिने छ ॥

(९)

❑❑❑

संयुक्त इच्छा

शैवधर्म –

जे हो कारण जन्म, मृत्यु, जडता, दारिद्र्य वा रोगको
त्यस्को अन्त गरेर गर्नु छ महान् उद्धार यो मर्त्यको ।
आँधी रोक्नुपर्‍यो निरात्म कलिको यो श्रौत उद्यानमा
यै इच्छा लिइ बस्छु उद्यत भई श्लेष्मान्तकारण्यमा ॥

(१)

बौद्धधर्म –

ब्यूँझाईकन आर्यसत्यमय त्यो संविन्मयी चेतना
लागू गर्नु छ मर्त्यमा सरल त्यो आचारको देशना ।
हिंसा रोक्नु छ भेदजन्य, विविधक्लेशार्त यो विश्वमा
यै इच्छा लिइ वस्छु उद्यत भई चैत्य-स्वयम्भूमहाँ ॥

(२)

संयुक्त इच्छा –

के कर्तव्य छ विश्व, राष्ट्रप्रतिको सर्वत्र आँखा खुली
विश्वैका सब भाइ आपसमहाँ हाँसून् र खेलून् मिली ।
होऊन् आढ्य, वितृष्ण, वीर र क्षमी, मोक्षाधिकारान्वित
यो विश्वै सब शान्त-सुन्दर बनोस् ऐश्वर्यले चर्चित ॥

(३)

(कविको निधनपछि 'ध्येयचिन्तन' पत्रिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

कविजी : साधारण दृष्टिमा

न पोथी-पात्राको थिति छ न कुनै काम छ थिर
कसैलाई केही न त वचनले गर्नु छ भर।
बसी जागा राती दिनभरि सुतेको छ कहिले
छ लेखेको लेख्यै पनि गुनगुनाएर कहिले॥

(१)

कतै देख्नासाथै पनि कति कुरा मोहित भयो
उषा, सन्ध्या जे-जे अघि छ त्यसकै चित्रण गर्‍यो !
त्यही भेट्यो, लेख्यो अनि गुनगुनायो, रस लियो
छ आफ्नै तानामा, चपल मन विक्षिप्तसरि त्यो॥

(२)

अरू छन् खोजीमा विविध धन, आनन्द, सुखको
उ शब्दैको खोजीतिर छ कविता, गीतहरुको ।
सदा नाङ्गै, भोकै छ घर-परिवारै विपदमा
छ त्योचाहीँ खाली अमर कवि बन्ने तमकमा ॥

(३)

छ लागेको बीँडीतक पनि नपाई तलतल
छ सम्झेको इन्द्रैकन पनि उभन्दा कति तल ।
म हूँ स्रष्टा, मेरो अलग र नयाँ विश्व छ भनी
छ उम्लेको आफैं मनमन उसै गर्वित बनी ॥

(४)

फुलाई घाँटी त्यो जब उ कविता भन्दछ फुली
हँसी गर्दै दिन्छन् धनिकजन ताली पनि मिली ।
सबै भन्छन् हाँस्तै अमृतसरिकै क्या छ कविता
उ ग्वाङ्ग्रो सम्झन्छ भ्रम र सपनामा – म त कता ॥

(५)

सबै देख्ने-सुन्नेतक पनि यही एक छ कुरा –
अरू त्यो के जान्ला ? फगत कविता कोर्दछ वरा ।
कुनै सिन्को सर्ला नभन त्यसबाट भ्रम गरी
भयो मान्छे केले गजब छ, छ यो कोकिलसरि ॥

(६)

❑❑❑

कविभावना

जगत्स्वामी साक्षात् प्रभु हरि उनै मात्र कवि हुन्
जगत् यी, प्राणी यी सकल प्रभुकै काव्यकृति हुन् ।
छ हामीमा देख्ने करण उनकै आंशिक चिति
त्यसैले हामी ती अमर कविकै ह्वौँ प्रतिकृति ॥

(१)

त्यही चित्ले हाम्रो लघु र गुरु सत्ता छ भवमा
त्यही चित्ले छोड्दा अचल जड वन्छौँ क्षणमहाँ ।
त्यही चित्ले हाम्रो 'पर' सित छ योगस्थिति पनि
त्यही चित्ले हामी वर-अवर वन्छौँ कवि पनि ॥

(२)

छ त्यो 'सोहं' धीमै अमृतमय चित्को सफलता
छ सर्वत्रै आत्मानुभव पनि चित्कै सफलता ।
यही प्रज्ञाको नै असर, कविले देख्तछ सब
जगत्संसारै यो स्वमय अनि सत्, सुन्दर, शिव ॥

(३)

अतः सन्ध्या, खोला, वनप्रभृति यी दृष्टहरुमा
उज्यालो सौन्दर्यानुभव कवि गर्छौं हृदयमा ।
यिनैमा आत्माको स्फुरण, भगवद्दर्शन पनि
हुँदा के गन्थ्यौं त्यो त्रिदिवपति इन्द्रैकन पनि ॥

(४)

त्यही स्रष्टाका ह्वौं कविजनहरू अंश सुभग
अतः ती सिर्जन्छौं नव रुचिर भावात्मक युग ।
त्यसैवाटै लाखौं क्रमिक घटना-सर्गहरुको
वनेको हो विश्वात्मक रुचिर यो काव्य प्रभुको ॥

(५)

धरित्रीमाताको कण-कण हुँदै दिव्य सुख छ
चलच्चित्रैजस्ता अरु विभवमा फस्नु किन छ ?
अतः फैलाऔं त्यो अमर चिति संसारभरमा
भरौं उत्कण्ठाको लहर प्रभुको काव्यकृतिमा ॥

(६)

❑❑❑

हनुमान्को गर्जना

घाँटी सोझो तुल्याई भ्रुकुटि र कटि तन्क्याइ, छाती फुकाई
तिघ्रा, गोडा बजारी, बलसित रिसले वज्रमुड्की उज्याई ।
हुङ्कार्दै, दाँत किट्तै कटट, रगतझैँ लाल आँखा गरेर
गर्जी भन्छन् सँगातीहरुसँग हनुमान् उड्न जम्का गरेर –

(१)

साथी हो ! फिक्र केही नगर, म हनुमान् हूँ महावीर भन्ने
अन्यायी औ अधर्मी कुवरितहरुको क्रूर सत्ता उखेल्ने ।
सक्ने रोक्ने मलाई कुन छ र पथमा ! यो कुनै छैन शङ्का
जो आँटैँ आँटिहालैँ, हररर उडिगै पुग्छु आजै म लङ्का ॥

(२)

हत्यारा औ चुसाहा निशिचरहरुले नाइके मानिएको
राजाको नामधारी धनबलमदले नित्य मै-मै भएको ।
अर्काको श्री र सम्पत् बलजफत लुटी राक्षसी शक्तिलाई
पोस्ने पौलस्त्यका ती तुजुकजति सवै झिक्छु निःशेष पारी ॥

(३)

भत्की जाओस् अरूको, निशिचरहरुकै मात्र साम्राज्य जागोस्
बिग्रोस्-भत्कोस् अरूको निशिचरहरुकै मात्र अस्तित्व बाँचोस् ।
श्री औ ऐश्वर्य सारा निशिचरहरुकै लागि हुन् भै भकारी
यो सोच्ने तत्त्वलाई जगसित उधिनी छोड्छु निर्मूल पारी ॥
(४)

के सोच्छौ ! मुड्किले नै गररर गिरिका ताँति भस्काइदिन्छु
पैतालैले म आँटूँ ! चररर पृथिवीलाइ चर्क्याइदिन्छु ।
मेरो जोडा हुनन् को ! रजनिचर सबैलाइ छप्क्याइदिन्छु
विश्वैलाई उज्यालो भयरहित ठुलो मार्ग बिच्छ्याइदिन्छु ॥
(५)

आत्माकै शुद्ध सत्तावल लिइ रणमा उर्लने ब्रह्मचारी
मै हूँ सारा अँध्यारा असुरविभव औ शक्तिको ध्वंसकारी ।
डग्डग्डग् भूइँ काँप्ला जब कदम त्यहाँ राखुँला क्रान्तिकारी
फिर्ता हूँला जलाई दनदन नगरीलाइ नै खाक पारी ॥
(६)

दैवी सम्पत्तिलाई निशिचरहरूको जेलमा पर्न दिन्नँ
सीताजीलाइ पापी कलमुखहरुको देशमा राख्न दिन्नँ ।
सच्चा आदर्शलाई वलपुट दिइ सङ्ग्राममा हार्न दिन्नँ
दुःखीका रामलाई घरघर सबको चित्तमा मर्न दिन्नँ ॥
(७)

❑❑❑

रावणको अन्तिम अनुभूति

भए तापनि त्यो आत्मा देहभित्र, सबै जन ।
प्रयोग गर्न सक्तैनन् त्यसलाई कुनै दिन ॥
(१)

सर्वशक्ति भएको त्यो आत्मा भित्र छ तापनि ।
बाहिरी आड मान्छेले खोज्छ विज्ञ भए पनि ॥
(२)

के पृथ्वीपति, के रङ्क, के धनी, के अकिञ्चन ।
मनका सब निर्धा छन् गर्छन् अन्यायलम्वन ॥
(३)

आफ्नो शस्त्र र सत्ताको, जवानीको र वस्त्रको ।
धाकमा भरमा ती छन् नकि त्यो आत्मशक्तिको ॥
(४)

होओस् कुनै क्षेत्र आफ्नो उत्थान यदि गर्नु छ ।
एक्लै वत्तीसरि भई आफैं नै वल्नुपर्दछ ॥
(५)

उदाउँदा चन्द्रलाई सबै हेर्छन् खुसी भई ।
अस्ताउँदा कुनै व्यक्ति वोल्दैनन् वेदना लिई ॥
(६)

उठे सबै मित्रबन्धु हुन्छन् त्यस्का पछिल्तिर ।
लडे कोही त्यसपछि लाग्दैनन् भइ आतुर ॥
(७)

तत्काल लाभ चाहन्छन् गृहिणी, मित्र, वान्धव ।
अर्काको यशको लागि दु:ख को खप्छ ती सव ॥
(८)

राज्य जाला, कीर्ति जाला, आफ्नो यो वेदना थियो ।
दु:ख होला पछी भन्ने अरूको मनमा थियो ॥
(९)

नवुझेरै अरू भन्छन् – म मरेँ रामवाणले ।
म त खास मरेको हूँ आफ्नाकै क्लैव्यवाणले ॥
(१०)

पितृभक्त स्वाभिमानी छोरो त्यो मेघनादको ।
बिर्सन्न कहिल्यै आत्मा त्यो थियो मैसमानको ॥
(११)

त्योबाहेक अरू मेरा सँगमा जो थिए जन ।
ती सबै गर्दथे जोड राममै गइ पस्नन ॥
(१२)

मेरै भूल थियो ठूलो आफू वीर भएपछि ।
वीर देखेँ सबैलाई कष्ट पर्दा चिनेँ पछि ॥
(१३)

करोडमा एक हुन्छ बाँच्ने आदर्शखातिर ।
बाँचेजस्ता अरू हुन्छन् मृत्युस्वागतखातिर ॥
(१४)

तिनको क्लीवता राख्न कत्रो तप गरीकन ।
जिन्दगीभर अर्जेको छोडूँ आफ्नो यशै किन ? ॥
(१५)

यसैले तिनका क्लीव मन्त्रणा नलिईकन ।
लडेँ युद्ध, पुगेँ वीरगतिमा नझुकीकन ॥
(१६)

यसैले कार्यकर्ताले आफ्ना कार्यमहाँ गति ।
दिन सम्झिदिनैपर्छ जनताको मनःस्थिति ॥
(१७)

सर्कारको पनि कुनै यदि कार्याभियान छ ।
पहिले राज्यका अङ्गहरू नै छाम्नुपर्दछ ॥
(१८)

❑❑❑

जब राष्ट्रवादको प्रश्न छ
(कुम्भकर्णकी रानी वज्रज्वाला र विभीषणकी रानी सरमाको संवाद)

जब त्यो सुनको लङ्का भयो ध्वंसित राक्षस ।
मरे धेरै, भश्मशेष भए हर्म्य सहस्रश: ॥
(१)

विभीषण नयाँ राज्य गर्न थाले, नयाँ जग ।
खन्न लागे संस्कृतिको, बन्न लागे नयाँ घर ॥
(२)

त्यसै वेला कुनै एक राक्षसीपुत्र जन्मियो ।
जसको वावु रणमा वानरैवाट मारियो ॥
(३)

वच्चा राजघरानाको भएकाले महोत्सव ।
मनाइयो, त्यसैनिम्ति भारदार जुटे सव ॥
(४)

वर्से अनेक आशीष, थिइन् कट्टर वृद्धिकी ।
वज्रज्वाला पनि त्यहीँ रानी ती कुम्भकर्णकी ॥
(५)

दिइन् आशीष उनले पनि खोलेर भित्रको –
'कुम्भकर्णसमानै तँ भएस् है वावु ! राज्यको' ॥
(६)

त्यो सुन्नेवित्तिकै केही मन्द हाँसेर कृत्रिम ।
सरक्षक हिँडी हाले अन्तै राजा विभीषण ॥
(७)

अरू मौन थिए किन्तु सवका नेत्र, चेहरा ।
त्यहाँ वोल्दै थिए केके भिन्नभिन्न लिई कुरा ॥
(८)

दबाउन बलै गर्दा पनि सत्ताभिमानको ।
निस्कियो यो रुखो वाक्य सरमाबाट भित्रको ॥
(९)

'पराक्रमी र धर्मात्मा कहाँ राजा विभीषण ।
कहाँ फेरी कुम्भकर्ण सुताहा, क्रूर भीषण ॥
(१०)

दिन्यै मन भए राम्रै दिनू आशीष, व्यर्थमा ।
किन होच्याउँदै बोल्छ्यौ ? ईर्ष्या र प्रतिशोधमा' ॥
(११)

त्यो सुनी ती वीरभार्या सच्चा स्वाम्यभिमानिनी ।
वज्रज्वाला जली भन्छिन् – 'किन निन्दा उसै पनि ?
(१२)

राष्ट्रको निम्तिमा मर्ने ती मेरा पतिदेवले ।
तँलाई के गरे ? निन्दा सुन्न सक्तिनँ कानले ॥
(१३)

दिवङ्गत महाप्राण राष्ट्रसेवकको पनि ।
निन्दा गर्छेस् भने साच्चै तँ नै होस् राष्ट्रघातिनी ॥
(१४)

वीरभोग्या, वीरपत्नी, देशजात्यभिमानिनी ।
मेरो अगाडि के बोल्छेस् परसत्तानुवर्तिनी ॥
(१५)

तँ होस् फणा त्यही क्रूर विषात्मा कालसर्पको ।
राष्ट्र-वंश दुवैलाई जस्ले धोखा दिई डस्यो ॥
(१६)

प्रेयसी हुँ म त्यस्ताकी, जस्ले जाति र राष्ट्रको ।
सुरक्षा वलिवेदीमा गर्‍यो आहुति कायको ॥
(१७)

सत्तामा न्याल काडेर हिलाईकन पुच्छर ।
आत्मा बेच्ने कुकुरकै छाउरी होस् तँ पामर ॥
(१८)

त्रैलोक्यै दिन सक्ने ती रामलाई चिने पनि ।
स्पर्धा लिने वीरकी हुँ म बुझिस् सहधर्मिणी ॥
(१९)

'भएछौ रामको भक्त खुसी छु, तर युद्धमा ।
नआऊ सामु, अर्कै छ मेरो कर्तव्य राष्ट्रमा ॥
(२०)

आक्रामक भई राम आउँछन् यस राष्ट्रमा ।
भने म कसरी राखूँ ? उनमा ईशभावना ॥
(२१)

यसैले राख्न अक्षुण्ण राष्ट्रवादी परम्परा ।
उनैसँग म लड्दै छु बुझी ती-ती सबै कुरा ॥
(२२)

हटिहाल त्यसैले हे भाइ ! यो युद्धभूमिमा ।
नआऊ सामु, अर्कै छ मेरो कर्तव्य राष्ट्रमा' ॥
(२३)

वन्धुता, भ्रातृता, राष्ट्रभक्तिले पूर्ण वाक्य यो ।
विभीषणैलाइ जस्ले युद्धप्राङ्गणमा भन्यो ॥
(२४)

यस्तो कर्तव्यनिर्भीक, राष्ट्रभक्त र साहसी ।
साक्षात् श्री कुम्भकर्णैकी चिन्दछेस् हुँ म प्रेयसी ॥
(२५)

जातिको, राष्ट्रको छिद्र वैरीछेउ पुऱ्याउने ।
वन्धुको युद्धका बीच मर्मस्थल चिनाउने ॥
(२६)

राष्ट्रद्रोही, दुराचारी त्यस्ता कुलकलङ्कको ।
पापमूर्ति तँवाहेक प्रशंसा अरु गर्छ को ॥
(२७)

आत्मसत्त्व र उत्साह जस्को देखेर अद्‌भुत ।
स्वयं ब्रह्मा डराएर झुक्याएर दिए वर ॥
(२८)

जस्को षाण्मासनिद्रामा देवसत्ता दिगो वनी ।
चल्थ्यो त्यो क्रान्तिकारीकी म हुँ धर्मकुटुम्बिनी ॥
(२९)

टिकेको परसत्तामा भिजेको बन्धुरक्तमा ।
को वीरात्मा न्याल काड्ला यो वीभत्सित राज्यमा ॥
(३०)

प्रतिशोधप्रश्न जो छ यस्ता मृतकनीतिको ।
प्रतिशोध यसै नै छ, जो छ गर्हित विश्वको ॥
(३१)

कत्राकै भक्त हुन् किन्तु रोकिँदैन कुवर्णन ।
'थिए विदेशको दास राष्ट्रद्रोही विभीषण' ॥
(३२)

वुहारी हुँ म ता विश्वविजेता दशकण्ठकी ।
उता सती धर्मपत्नी प्रतापी कुम्भकर्णकी ॥
(३३)

राक्षसेतरले मेरा पतिको राक्षसत्वको ।
गर्लान् विरोध तर त्यो सम्प्रदायविरोध हो ॥
(३४)

आत्माभिमानको, आत्मवलको जव मूल्य छ ।
राष्ट्रसेवा तथा राष्ट्रवादको जव प्रश्न छ ॥
(३५)

त्यसको निम्तिमा भावी विश्वको इतिहासले ।
लेख्ने छ, अमर स्थान लिने छन् कुम्भकर्णले ॥
(३६)

तँ के घमण्डले बोल्छेस् डङ्किनी यस राष्ट्रकी ।
रानी भएर बोल्छेस् कि कमारी भै विदेशकी' ॥
(३७)

आवेश वज्रज्वालाको भन्भन् वढ्दो बुभीकन ।
स्वयं आएर सरमालाई भन्छन् विभीषण –
(३८)

पत्नी ह्वौ पतिभक्ता छौ भने सारा सहीकन ।
भगवान् राममा चित्त लगाऊ सम्भिईकन ॥
(३९)

बिग्रिए हुन् दृष्टिकोण, गरिए हुन् व्यतिक्रम ।
तर श्रीरामको नाम क्षमा गर्दछ हर्दम ॥
(४०)

भनेको मान कल्याणी ! नवोली एक अक्षर ।
हिँडिहाल यतावाट, पाप हो बोल्नु दुच्छर ॥
(४१)

❑❑❑

अश्वत्थामाको कर्मयोग

सारा कौरव-पाण्डवादि बलवान् योद्धाहरूको शिर
जस्को पाउमहाँ नुहुन्छ, गुरुको नाता हुँदा सत्त्वर ।
विज्ञाता रणशास्त्र-शस्त्रविधिका त्यस्ता द्विज द्रोणको
हूँ सत्पुत्र म क्षत्रिय प्रकृतिको अन्वेषक न्यायको ॥
(१)

मेरा उत्सुक बालकेलि घरको दारिद्र्यमै पिल्सिए
कैयौं साँझसवेर अन्न नभई सम्झन्छु भोकै विते ।
आफूचाहिँ अबोध बालक रुँदै चिच्याउँथेँ भोकले
आमाका दुइ नेत्र टल्पल सधैँ देख्थेँ म ती आँसुले ॥
(२)

खान्थे दूध छिमेकमा अरु त्यही देखेर रातोदिन
माग्थेँ दूध, नपाउँदा रुन पनी थाल्थेँ म कल्पीकन ।
मार्गे रुद्ध हुँदा मलाइ घरमा झुक्याउने गर्दथे
चौलानी दिइ दूधको रहर त्यो मेटाउने गर्दथे ॥
(३)

धेरै काम लिए नृप द्रुपदले खप्ट्याइ आश्वासन
धोखा मात्र दिएर आखिर त्यसै हाम्रो गरे शोषण ।
त्यो ताकै मतिबुद्धिविहीहरुले लाखौं कमाए धन
हामीचाहिँ निरन्न, निर्वसन भै मागेर हिँड्थ्यौं ऋण ॥
(४)

राजा नै जब सत्य, न्याय र विवेकैलाइ लत्याउँथ्यो
आफैं सोच, त्यहाँ अशक्त दुनियाँ कस्तो दशा भोग्दथ्यो !
त्यो बेला त्यस दानव द्रुपदका ती अन्तरात्माहरू
के हेर्थे ? भन कृष्ण, पाण्डवहरू, धर्मार्थ लड्नेहरू ॥

(५)

मेरा पूज्य पिता, जयद्रथहरू के जालले मारिए
धोखा, झूठ प्रचार, यीसँग अरू के युद्धविद्या थिए ।
के गर्ने तर भीष्म, शल्यहरुले साँच्चै भिडेका भए
हुन्थ्यो हार कहाँ, कि मै समरको नेता भएको भए ॥

(६)

कृष्णैलाइ प्रणाम, विश्वभरिको उत्कृष्ट मान्नेहरू
के लड्थे र उनीसँगै, हृदयका रोगी र मुर्दाहरू ?
भित्रैबाट झिकेर जोस रणमा साँच्चै लडेका भए
हुन्थ्यो हार कहाँ र मैसरि सबै आत्माभिमानी भए ॥

(७)

हुन् ती कृष्ण परेश किन्तु उनकै यो सृष्टिसाम्राज्यमा
कर्मै मुख्य छ, सेव्यसेवक कुनै छैनन् – यही धारणा ।
राखी भित्र 'स्व' लाइ नै अति महान् ठानी लडेका भए
हुन्थ्यो हार कहाँ र मैसरि सबै कर्माभिमानी भए ॥

(८)

त्यो सङ्ग्राम त एक पृष्ठसरि नै हो जीवनग्रन्थको
मेरो यो प्रिय कर्मयोग नमरोस् जो प्राण हो वीरको ।
वैलाए सब, कृष्ण-पाण्डव गए, राज्यै गयो, टुङ्गियो
तिन्को पापकथा अझै छ र अझै मेरो छ अस्तित्व यो ॥

(९)

प्यारो छैन मलाइ भक्तिपथ त्यो माग्ने, रुने, पस्नने
होऊन् कृष्ण प्ररुष्ट, कर्मपथ नै चाहन्छु जिन्दा हुने ।
हिँड्दा नि:स्पृह शुद्ध कर्मपथले कृष्णत्वमा पुग्छु मै
कृष्णैको पनि आयुको र पदको सीमा पनी नाप्छु मै ॥

(१०)

राज्यैमा कसको थियो हक, र को-को व्यर्थमा मारिए ?
केले कर्मठ एकलव्य त्यसरी झुन्ड्याइए, राखिए ?
कस्तो धार्मिक राज्य निर्मित भयो सङ्ग्रामको अन्त्यमा ?
के आदर्श र संस्कृति स्थिर भयो यो विश्वको निम्तिमा ? ॥

(११)

यस्तो प्रश्न कहाँ गईकन गरूँ ? विद्वान् सबै मूढ छन्
यस्तो प्रश्न कहाँ ? अरू ग्रहसँगै पृथ्वी सधैं मौन छन् !
कृष्णैको पनि कर्मयोगसँग नै मेरो त्यही प्रश्न छ
के हो कर्म र कर्मतत्त्व कुन हो – यो प्रश्न नै गूढ छ ॥

(१२)

('हाम्रो पुरुषार्थ' पत्रिकामा हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

नेपालको धारणा

मैले नै पहिले गरेँ जगतमा 'द्यौः शान्ति' को घोषणा
खोलेँ आत्मपरात्मतत्त्व र दिएँ अध्यात्मको भावना ।
मेरो लक्ष्य छ – 'मर्त्य मात्र सवमा होस् भाव ऐकात्म्यको
होस् वन्धुत्व-प्रसार, विश्वभरि नै साम्राज्य होस् शान्तिको ॥'

(१)

आफू विश्वप्रसिद्ध वीरजननी भूमी भए तापनि
मेरो विश्रुत शान्तिघोष कहिल्यै सक्तैन रोके पनि ।
'शान्तिक्षेत्र स्वयं वनूँ, मुलुकले लेलान् यही प्रेरणा
होला निश्चय शान्ति विश्वभर नै' – मेरो छ यै धारणा ॥

(२)

('राष्ट्रध्वनि' पत्रिकाको नेपाल र शान्तिक्षेत्र विशेषाङ्कमा
२०३८ साल चैत्र १६ गते प्रकाशित)

❑❑❑

माछापुच्छ्रे

लाखौं कल्लोलित नदनदी, ताल, खोल्साहरूको
प्यारो जन्मस्थल थरिथरी रत्न-पन्नाहरूको ।
प्राणस्फूर्तिप्रद जरिबुटी औषधीको विशाल
भण्डारै यो छ कति गरिमायुक्त हाम्रो हिमाल ॥
(१)

त्यस्तो विश्वप्रथित हिमवान् शैलको एक भाग
माछापुच्छ्रे छ त्यस विधिकै सृष्टि-सौन्दर्यभाग ।
जो छ प्रोच्च स्थिर मुकुटझैं गण्डकी अञ्चलैको
चित्ताकर्षी प्रकृति सुषमा लुब्ध यात्रीहरूको ॥
(२)

खिच्ने मौनव्रत र तपले विश्वको नै समीक्षा
छर्ने विश्वैभरि विमलता, त्याग, औदार्य-शिक्षा ।
माछापुच्छ्रे शिखर छ महान् कीर्तिशाली विभूति
जस्ले मानौं छ हिमगिरिमा शैलराजप्रशस्ति ॥
(३)

जस्को वारी हिमटक परी कार्किनेटासँगैका
गाउँबस्ती अनुभव सधैं गर्दछन् चाँदनीका ।
मर्मच्छेदी हिमपवनको मारले रात्रिचारी
अन्यायीका कुनियत जहाँ बन्दछन् स्वप्नचारी ॥
(४)

स्वान्तस्पर्शी जुन शिखरको आर्द्र संवेदनामा
साँच्चै भानूदय पनि भयो गण्डकी अञ्चलैमा ।
विश्वस्पर्धी कति कवि यहाँ लेख छन् ती अमेय
माछापुच्छ्रे छ कति गरिमायुक्त काव्यानुमेय ॥
(५)

❑❑❑

काफल्डाँडा

वीर न्यायप्रिय र मतिमान् शाहवंशीय पूज्य
हाम्रा राजाहरु अघि जहाँ गर्दथे धर्मराज्य ।
त्यो गोर्खाको हिमशिशिर त्यो लेक भच्याकभित्र
काफल्डाँडा छ अति रसिलो ग्राम ज्यादै पवित्र ॥
(१)

धूपीको काफल, कटुस, उत्तीस, सल्लाहरूको
बास्नासाथै तुहिन गिरिको दृश्यले शोभिएको ।
तित्रा, चीबे, ढुकुरहरूको शब्दले गुन्जिएको
काफल्डाँडा छ कति रुचिर स्निग्ध हावा बहेको ॥
(२)

दायाँ लौसीवट अनि खरीबोट, पारी विचौर
बायाँपट्टी पनि छ दमईंगाउँको त्यो प्रसार ।
माथी नीलो गगन चँदुवा बीचमा गम्किएर
काफल्डाँडा स्थित छ सबको मूर्त आस्था वनेर ॥
(३)

मेरो-मेरो अति प्रिय त्यही ग्राम हो जन्मभूमि
मेरो निम्ति त्रिदिवसरिको स्निग्ध आनन्दभूमि ।
नामै सुन्दा पनि त जसको भट्ट यो चित्तभित्र
नाची हाल्छन् सरर त्यसकै रम्य सम्पूर्ण चित्र ॥
(४)

क्रीडाभूमीसरि प्रकृतिको, जो छ श्री नै धराको
गर्वै गर्छन् सब जन जहाँ दूधकै पोखरीको ।[१]
ब्यूँझन्छन् ती प्रतिदिन जहाँ त्यो अँधेरी सुसाई
काफल्डाँडासरि प्रिय कुनै छैन अर्को मलाई ॥
(५)

पाडावाच्छाहरुसँग त्यहाँ उफ्रिई दौडिएको
खोस्री-खोस्री रुखमुनि टिपी त्यो खनायो चुसेको ।
छल्दै आमा-नजर पिङमा मच्चिएको, लडेको
आफ्ना क्रीडा अभ्र पनि म सम्भन्छु सानो छँदाको ॥

(६)

आफूआफूबिच तँ-तँ गरी खेल्न जुट्ने गरेका
ती-ती साथी जनि पनि थिए आफु सानो छँदाका ।
'गोर्खा' भन्दा भलभल तिनैलाइ सम्भन्छु खालि
कस्ले सक्ला मन धुन सखीप्रेमलाई पखाली ॥

(७)

वक्खू, दौरा कि त घरबुना बाँकटे, त्यो कछाड
घस्ता नौनी जिउ छ कमलो देख्न, छाम्दा पहाड ।
काफ्लेको यो सकल छ, जहाँ देखियोस् त्यो चिनिन्छ
देख्तै मेरो अनि हृदय यो भ्रातृताले भरिन्छ ॥

(८)

हाम्रा काफ्ले युवकहरुमा चेतना उर्लंदो छ
काफल्डाँडा विकसित हुने ज्योति त्यो चम्कँदो छ ।
किंवा होओस् अविकसित नै त्यो त स्वर्गै छ मेरो
काफल्डाँडाप्रति नित यही गाढ इच्छा छ मेरो –

(९)

चर्चा सुन्दा गुणजति त्यही गाउँको नै सुनूँ म
देहै छोड्दा पनि पछि त्यही गाउँमा नै परूँ म ।
फेरी अर्को जुनि छ त त्यही गाउँमा जन्मियूँ म
काफल्डाँडा अलग नभई बाँच्न पाऊँ सदा म ॥

(१०)

१ = दूधपोखरी हिमाल

(कविको निधनपछि एउटा साहित्यिक पत्रिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

राहु कराउने प्रथा

मानौं दसैंको हावाले सदस्यै अन्त मोडिए ।
रा० पं० का भाषणै सारा वर्खाकै साथ टुङ्गिए ॥
(१)

हिलो पीपलको वोटसँगै धेरजसो सुक्यो ।
घुम्ने-चार्नेलाइ पनि अब वाटो सवै खुल्यो ॥
(२)

भइन् शरद आकाश वढार्नेतिर उद्यत ।
शान्तिको स्पर्शले प्राज्ञ वने ज्ञानवुभुक्षित ॥
(३)

त्यसैले शौनक पनि भन्दछन् सूतजीसँग –
'छिपेको छैन विश्वैको कुनै ज्ञान यहाँसँग ॥
(४)

सुनैं नेपालको, सारा जिल्ला, अञ्चलको पनि ।
इतिहास, कथा मुख्य-मुख्य रीतिहरू पनि ॥
(५)

सुन्न बाँकी छ यौटै त्यो प्रथा – 'राहु कराउने' ।
कराउने को र किन कराउन लगाउने ? ॥
(६)

त्यो प्रथालाइ कसले चलाएछ यहाँ अघि ?
सुनौं त्यो पनि, अन्यत्रै पनि चल्थ्यो भने अघि ।'
(७)

सुनी यो प्रश्न ती सूत भन्छन् – शौनक ! अन्तको ।
यो प्रथा हैन, खाली यो हो नै नेपाल देशको ॥
(८)

नेपालीमा पनी केही छन् नै आफ्ना विशेषता ।
यसैले विश्वमा नै ती राख्छन् आफ्नो प्रशस्यता ॥
(९)

राजधानीभित्र बस्ने धनीमानीहरू सब ।
देख्थे चिनाबाट आफ्नो नराम्रो नै दशा जब ॥
(१०)

अनि त्यो दोष, त्यो खड्गो मेट्ने-टार्ने भनीकन ।
धेरै पोडेहरूलाई चोकमा बटुलीकन ।
पैसा दिई, मद्यसाथ दिई पर्याप्त भोजन ॥
(११)

पारी तिनीहरूलाई मत्त आविष्ट साँझमा ।
तिनैद्वारा आफुलाई चर्को अश्लील शब्दमा ॥
(१२)

लगाउँथे गर्न गाली सराप्न पनि लाउँथे ।
नाना दोष र आरोप दिई फट्कार्न लाउँथे ॥
(१३)

अनि त्यो रात त्यसरी काटेपछि सवै दशा ।
कट्छन् वर्षभरीलाई कुनै पर्दैन दुर्दशा ॥
(१४)

भन्ने यो भावले पोडेहरूद्वारा चलाइने ।
उपर्युक्त प्रथालाई भन्थे 'राहु कराउने' ॥
(१५)

यो प्रथाको स्रोत कुनै अवश्य स्मृति नै थियो ।
जे होस् त्यो, राजधानीका साहूमा यो प्रथा थियो ॥
(१६)

थियो के भन्नु र अझै पनि चल्दै छ यो प्रथा ।
होलान् रूपान्तर, तर मेटिँदैनन् कुनै प्रथा ॥
(१७)

तर शौनक ! यो गोप्यै छ, नभन्नू कहीं स्वयम् ।
'हिरण्मयेन पात्रेण सत्यस्यापिहितम् मुखम्' ॥
(१८)

सुनी त्यो उत्तर, अति प्रसन्न पनि भैकन ।
भने शौनकले सूतलाई नम्र भईकन ॥
(१९)

यहाँको सत्कृपा पाई फुक्यो यो ग्रन्थि प्रश्नको ।
अर्को दसैंताक प्रश्न गर्ने छू बुझ्न बाँकिको ॥
(२०)

इतिश्री राष्ट्रिय पुराणे पञ्चमस्कन्धे नीतिखण्डे
'राहु कराउने प्रथा' वर्णनं नाम एकविंशोध्याय: ।

❑❑❑

एक उद्‌बोधन

पुग्दैमा चन्द्रमामा पनि भय कसरी मिट्छ, के शान्ति मिल्छ ?
मान्छे नै जुध्न थाल्छन् जब कि रगतमै विश्व यो डुब्न थाल्छ ।
उत्साही, शौर्यशाली सकल-सकल हे विश्वका नौजवान !
तिम्रै हो विश्व, यस्तो स्थिति छ जखमको, राख आफ्नो कमान ॥

(१)

आँटे के बाँकि राख्छौ ? युवक सब गुफाभित्रका सिंह नै ह्वौ
पृथ्वीको भित्र गुम्सीकन जलिरहने उग्र ज्वालामुखी ह्वौ ।
बाँका भै निस्क, युद्धप्रिय जतिजति छन् तत्त्व निर्मूल पार
फैलाई विश्वशान्ति, प्रगति गर, यही विश्वमा स्वर्ग झार ॥

(२)

❑❑❑

कम्प्युटरसँग

निर्जीवै भनुँ छस् सचेतनसरी वाणी र व्यांपारको
अंशै छैन, सजीव मानुँ त तँमा इच्छा र सङ्कल्पको ।
त्यस्तो वस्तु तँ होस, ब्रह्मसरिको अज्ञेय यै कोटिको
होस् तँ प्राकृतवैकृतै तर पृथक् अर्कै नयाँ सृष्टिको ॥

(१)

हे कम्प्यूटरयन्त्र ! आजतकको विज्ञानको साधना
तेरै उद्गमले कृतार्थ छ, तँ होस् आश्चर्यको सिर्जना ।
मान्छेको प्रतिभा र वुद्धि कति छ, त्यो भित्र के शक्ति छ ?
तेरो संरचना वताउँछ यही – त्यो वर्णनातीत छ ॥

(२)

तेरो निश्छल निस्पृह प्रकृतिले सेवा र सद्भावको
मूल्योत्कर्ष गरी रहेछ सुमहान् निःसङ्ग आदर्शको ।
आफ्नो मूल्य घटाउने अवगुणै छन् प्राय मान्छेमहाँ
तीभन्दा अघि छस् तँ दिव्य गुणको पात्रत्व-निर्वाहमा ॥

(३)

केको मोह सजीवतासँग जव त्यो स्वार्थमै लीन छ
केको द्वेष छ व्यर्थ जाड्यसँग यो अन्यार्थ जो मिट्तछ ।
हे कम्प्यूटरयन्त्र ! विश्वभरि नै तेरो प्रतिष्ठा वढोस्
तैंजस्ता अरु यन्त्र-संरचनमा विज्ञान लागी परोस् ॥

(४)

□□□

पाइनँ

मान्छेकै नबुझी मर्म 'मान्छे हुँ' भन्न पाइनँ ।
अन्धकार छ निष्पट्ट, 'मान्छे को ?' खोज्न पाइनँ ॥
(१)

दियो बालूँ भने चर्को हुरीले बाल्न पाइनँ ।
अँध्यारैमा गीत गाऊँ, त्यै सुन्ने व्यक्ति पाइनँ ॥
(२)

बोलाऊँ, किन हो ? भन्ला, नचिनी भन्न पाइनँ ।
चिनूँ कसरी मान्छेको मुटुमा पस्न पाइनँ ॥
(३)

पीरले मनमा आगो सल्कायो सुत्न पाइनँ ।
पखालूँ पीर लाजैले चिच्याई रुन पाइनँ ॥
(४)

सबै बिर्सें, कहीं आफ्नो चेतना राख्न पाइनँ ।
यी सबै मनको दर्द पोखूँ त्यै ठाउँ पाइनँ ॥
(५)

(कविको निधनपछि 'वाणी' स्मारिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

देऊ आशिष बुद्ध

तिम्रै अद्‌भुत त्यागलाइ युगको नौलो कथा मान्दछौं
तिम्रै नाम हरेक कर्मविधिको सङ्कल्पमा पढ्दछौं ।
तिम्रै दर्शन विश्वशान्तिपथको खोजी हुँदा रोज्दछौं
तिम्रै गौरवलाइ यो मुलुकको माहात्म्य हो ठान्दछौं ॥

(१)

मन्दोद्धार गर्‍यौ, अलौकिक कथा तिम्रो छ कारुण्यको
साँच्चै ह्वौ करुणावतार भगवान् ! श्रद्धेय यो विश्वको ।
देऊ आशिष वुद्ध ! आज सवमा आओस् अहिंसामति
पृथ्वी स्वर्ग बनोस् र भक्ति सबको होस् वोधिसत्त्वप्रति ॥

(२)

('भिन्तुना' पत्रिकामा २०४३ सालको बुद्धजयन्तीमा प्रकाशित)

❑❑❑

स्वागतम्

जस्ले मानव मात्रमा अघि दियो औद्योगिकी प्रेरणा
साथै नूतन सभ्यता र जनही स्वातन्त्र्यको चेतना ।
त्यै वेलायतराज्यकी हृदय हौ, हौ मूर्तलक्ष्मी तिमी
सुन्छौं आफ्नु प्रजाहरूप्रति सधैं वात्सल्य राख्छ्यौ तिमी ॥

(१)

यै नै उज्ज्वल राजतान्त्रिक महान् आदर्श मिल्ने हुँदा
राख्छौं भक्ति वरिष्ठवन्दित महारानी ! तिमीमा सदा ।
तिम्रो लायक छैन साधन, तर श्रद्धा र आस्था भरी
गर्छौं स्वागत कोटि यी हृदयले सम्भेर देवीसरि ॥

(२)

❑❑❑

पृथ्वी-स्मृति

गर्दै नाना बहाना, विषकलुष तिखा नीतिनङ्ग्रा पसार्दै
सम्पूर्णै यो धराको जनबहुल बृहत् भाग रोजेर गाँज्दै ।
हिन्दूस्थानै पसेथ्यो जब दलबलले आङ्ग्ल साम्राज्यवाद
माग्यो हिन्दुत्वले नै अभयप्रद कुनै वीरको सिंहनाद ॥

(१)

तत्काल व्योमबाटै अतुलितयुतिमान् तेजको एक मुस्लो
ओर्ल्यो, जन्म्यो, उदायो, नृपभवन भयो गोरखाको उज्यालो ।
पृथ्वीमा हिन्दुधर्मोचित अलग कुनै राष्ट्र निर्माण गर्न
पृथ्वीकै नामले त्यो सदलबल हिँड्यो राज्यका राज्य हाँक्न ॥

(२)

द्यौताकै प्रेरणा हो, व्रतमय हिमवत्खण्डकै हो प्रतीक्षा
नेपाली जातिकै हो, युगयुगविजयी भाग्यको त्यो शुभेक्षा ।
पृथ्वीको शक्ति ! पस्रे कति र कति मिटे नाम त्यागेर राज्य
चम्क्यो यो हिन्दुधर्मा प्रकृतिप्रिय बृहत् एक नेपालराज्य ॥

(३)

तीखो तर्वार लामो छ नित चमचम् हातमा चम्किएको
आत्मामा हिन्दुधर्मास्थितिप्रति छ दृढोत्साह उर्ली रहेको ।
राष्ट्रैकै भाग्यमन्त्राक्षरसरि मुखमा त्यो छ दिव्योपदेश
पृथ्वीको चित्र यो नै सतत हृदयमा राख्छ नेपालदेश ॥

(४)

□□□

आउ हे वीर राजा !

अङ्ग्रेजी आक्रमण त्यसरी नै छ जिल्लाहरूमा
उस्तै छन् क्रिस्चियनहरुका धर्मसम्वन्धि ताना ।
फस्तै फेरी विविध तहका क्षुद्र सङ्कीर्णतामा
पुग्दै छन् यी जन पनि फुटी बाइसी-चौविसीमा ॥

(१)

अन्तैका बोतल र कपडावाट राष्ट्रीय चाड
मान्ने, हेर्ने फिलिम-भिडियो, यै हिनामी छ चाल ।
फेरी ओर्ली यस मुलुकमा आउ हे वीर राजा !
पृथ्वीनारायण ! वितिसक्यो देउ नेतृत्व ताजा ॥

(२)

('भिन्तुना' पत्रिकामा २६३ औं पृथ्वीजयन्तीका अवसरमा
२०४२ पौष २७ गते प्रकाशित)

❑❑❑

प्रजातन्त्रदिवसको निर्देश

मेरो गौरव-गानले मुलुकको उठ्तैन माथि स्तर
नेपाली ! सकिँदैन बन्न कहिल्यै ठूलो विनाजाँगर।
क्षुद्र स्वार्थ नसोच, हुन्छ कुभलो आफूसँगै राष्ट्रको
नेपाली ! छ विशाल भावसँग नै सम्पर्क उत्कर्षको ॥

(१)

छन् पृथ्वी धनपूर्ण किन्तु श्रमकै उत्साहकै प्रश्न छ
राष्ट्रोत्थान अवश्य गर्नु छ भने उत्सर्गकै माग छ।
साझा उन्नतिमार्ग देख्तछु खुला, यै नै प्रजातन्त्र हो
नेपाली ! अब वाद हैन, श्रम नै तिम्रो समाधान हो ॥

(२)

(कविको निधनपछि 'गवेष' पत्रिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

आजको स्मृति

(प्रजातन्त्रदिवसलाई लिएर)

धर्दी औदार्यवादी प्रगतिगुण, तमोदोष निर्मूल गर्दी
डाँडाकाँडा उघार्दी, रसमय मधुरो चेतनादीप्ति छर्दी ।
चम्काई ओज गर्दी पद र प्रगतिका विघ्नलाई इतिश्री
देखिन्छिन् आज अन्तर्ध्वनिमय कवितैतुल्य हाम्री दिनश्री ॥

(१)

सम्झन्छौं आज रात्रिञ्चर रिपुसँगको युद्ध रोमाञ्चकारी
सीता-मुक्तिप्रदाता विमल विजय त्यो गर्वसन्तोषकारी ।
हर्षोन्मत्त प्रजाको जयजयध्वनि त्यो शत्रुनैराश्यकारी
प्यारा ती रामजस्ता त्रिभुवन नृपको वीर्य त्यो क्रान्तिकारी ॥

(२)

(कविको निधनपछि 'गवेष' पत्रिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

सादर स्मृति

(प्रजातन्त्रदिवसको अवसरमा)

आजैका दिन देशले मृदुमना राजा चिनेको थियो
आजैका दिन देशभित्र युगको झुल्का पसेको थियो ।
आजैका दिन जातिजातिगत त्यो छेको मिटेको थियो
आजैका दिन देशमा नियतिले रेखा खिचेको थियो ॥

(१)

नेपाली मनभित्र बल्छ मधुरो बन्धुत्व ज्योतिर्मय
जो यो राष्ट्रियता-प्रदीप नडगी आँधीविसे निर्भय ।
त्यो यै शक्ति र भावपूर्ण दिनको हो मुक्त स्नेहार्पण
यस्को आदर नै छ राष्ट्र, जनको उत्कर्षको कारण ॥

(२)

❑❑❑

स्मरण

सम्झन्छौं आज प्यारा त्रिभुवन नृपको पूज्य वात्सल्यनिष्ठा
साथै सारा प्रजाको समयसमुचित स्तुत्य त्यो भक्तिनिष्ठा ।
हामीमा फेरि ल्याओस् प्रकृत 'स्मरण' ले त्यै महान् भावनिष्ठा
हाम्रो यो राष्ट्र बाँचोस् प्रमुदित जनतासाथ थप्तै प्रतिष्ठा ॥

(१)

(२०२९ को प्रजातन्त्रदिवसमा
'स्मरण' पत्रिकामा प्रकाशित)

❑❑❑

उद्‌गारमय स्मृति

पसेथ्यो आजैका दिन मुलुकमा ज्योति युगको
खुलेथ्यो आजैका दिन मुलुकमा वाक्य जनको ।
तुनेथ्यौँ आजैका दिन घरघरै स्वप्न पछिको
चिनेथ्यौँ आजैका दिन हृदय आफ्नो नृपतिको ॥

(१)

त्यसैले सम्झन्छौँ यस मुलुकको गौरव जब
स्वतः हाम्रो आत्मा प्रमुदित भई भन्दछ तव –
बुझ्यौँ, देख्यौँ सारा मनमन घुमी चौध भुवन
तिमीजस्ता राजा अब त कति होलान् त्रिभुवन ॥

(२)

(वि० सं० २०३० साल फागुन ७ गतेको 'गोरखापत्र' मा प्रकाशित)

❑❑❑

महेन्द्रसन्देश

हे मेरा प्रिय देशभक्त जनता ! छोटो छ है जीवन
वेलैमा गरिहाल, राष्ट्रप्रतिका कर्तव्य छन् लाखन ।
मैला भाव, विचार राष्ट्रहितका लागी सवै छोडिद्यौ
कोही शक्ति छ मार्गरोधक भने निर्भीक भै हाँक द्यौ ॥

(१)

चिन्ता छोड नजीक छैन म भनी, वर्सैनि यी भावना
आजैको दिनले दिने छ नझुकी बाँच्ने पनि प्रेरणा ।
मेरो राष्ट्र समृद्ध भैकन पृथक् चम्की रहोस् विश्वमा
यै धोको हुनुपर्छ-पर्छ जनता प्रत्येकको चित्तमा ॥

(२)

❑❑❑

मुटुको व्यथा

राजा हूँ, परतत्त्वबाट खटिई यो राज्य गर्दै छु म
आदर्शोन्मुख शक्ति मर्न नदिनै हो, दण्ड यो भिर्छु म ।
माथि व्योम र चन्द्रसूर्यहरु छन्, हेर्छन् नियालीकन
मैले हिँड्नु छ धारिलो पथमहाँ, बाँधेर आफ्नो मन ॥
(१)

मान्छे हूँ तर एषणाहरु कुनै छैनन्, न विश्राम छ
पासा खेल्छु म प्राणकै हरघडी जो राष्ट्रकै निम्ति छ ।
आफ्नो सङ्गविहीन कर्महरुले नैष्कर्म्यमा पुग्नु छ
कोही तत्त्व छ त्यो निरीह, जसको इच्छा बुझी चल्नु छ ॥
(२)

छैनन् शत्रु कुनै निजी वरु सधैं आफूसँगै लड्छु म
छैनन् मित्र, परन्तु स्नेह जडका साथै पनी गर्छु म ।
मेरो जीव छ राजयोग, अरुकै निम्ती सधैं बाँच्छु म
कत्रै उत्कट शक्तिलाइ पनि यै आदर्शले नाप्छु म ॥
(३)

थाङ्नो रोग पसेर जाति नमरोस्, त्यस्लाइ नै रोक्छु म
मैलो भेल पसेर राष्ट्र नडुबोस् त्यस्लाइ नै छेक्छु म ।
एकै चिन्तनका समृद्ध दुनियाँ होऊन्, यही खोज्छु म
मेरो राष्ट्र बढेर स्वर्गसरि होस्, धोको यही राख्छु म ॥
(४)

वर्षा आउँछ जान्छ, स्वच्छ मन ली फेरी शरत् आउँछ
रात्री आउँछ जान्छ, रश्मिकण ली फेरी उषा छाउँछ ।
आफ्नो वत्सल राष्ट्रलाइ जगमा भित्रै दरो पार्छु म
सीता, गौतम फेरि जन्मन सकून्, चोखो सधैं राख्छु म ॥
(५)

विश्वैलाइ हिमाद्रिको शिखरमा उक्लेर ब्यूँझाउँला
ज्ञानी भूप विदेहका अमृत ती सन्देश सम्झाउँला ।
लाखौं निर्झरबाट शान्ति, ममता, सञ्जीवनी बाँडुँला
आफ्नो यै प्रिय राष्ट्रबाट युगका आदर्श फैलाउँला ॥

(६)

यत्नो काम त्यसै छ जाग दुनियाँ, माटो यही भन्दछ
विश्वप्रेरक वीर जाति बन है, पानी यही भन्दछ ।
त्योत्यो आफ्नु चिनो मिटाइ जिउनू, हो साँच्चि नै मृत्यु हो
आफ्नै रूप लिएर बाँच्नु जगमा हो साँच्चि नै बाँच्नु हो ॥

(७)

फाली क्लीव र हीन यो हृदयको निद्रा छिटो ब्यूँझिय
मेरा हे प्रिय राष्ट्रभक्त दुनियाँ ! लौ एक भै तम्सिय ।
मेरो यै मुटुको व्यथा छ, सबमा यो प्राण केले भरूँ ?
मेरो यै मुटुको व्यथा छ, सवमा उन्मेष केले गरूँ ?

(८)

❑❑❑

शुभेच्छा

हे पञ्चायत ! विश्वभित्र जति छन् जो छन् व्यवस्थाहरू
ती साराबिच भाग्यवान् तँसरिका छैनन् अवश्यै अरू ।
राज्याङ्गै सब गर्दछन् हृदयले तेरै सदा पोषण
कस्तो भाग्य ! विपक्षका पनि तमै छन् गुप्त आत्मार्पण ॥

(१)

आयो राष्ट्रिय चेतना, रुचि बढ्यो यत्रो विकासप्रति
यी नौला उपहारबाट तँ भइस् प्रख्यातनामा अति ।
जोधा पच्चिस वर्षको तँप्रति नै यी छन् शुभेच्छा सब
चम्कोस् राष्ट्र, वनून् समृद्ध जनता तेरै भरोसा अब ॥

(२)

('स्मरण साप्ताहिक' को पञ्चायत-रजतजयन्ती विशेषाङ्कमा
२०४३ पौष १ गते प्रकाशित)

□□□

गर्व-उद्गार

हामी हौं राष्ट्रवादी सुचरित, व्रतका देशका नौजवान
राख्छौं उत्साह, जागापन र बलमहाँ तीव्र आफ्नो कमान ।
त्यस्मा नेतृत्व जुट्ता तरुण नृपतिकै गर्व हाम्रो छ कस्तो ?
मानौं विश्वै उचालौं कि त ग्रहगणकै लोक हाँकौं कि जस्तो !

(१)

यै गर्वोल्लासमा छ प्रिय नरपतिको आज राज्याभिषेक
हामी राष्ट्राभिमानी यस श्रुति-विधिमा राख्तछौं आफ्नु टेक ।
हाम्रो यो राष्ट्र, झण्डा, हिमगिरि सबले आज नै दिव्य उच्च
देख्छन् आफ्नो पृथक्ता, अनुपम गुरुता फेरि यै सृष्टिबीच ॥

(२)

(नेपाल युवक सङ्गठनको मुखपत्र 'युवक मासिक' को
शुभराज्याभिषेक विशेषाङ्कमा प्रकाशित)

□□□

उद्‌गारपूर्ण कामना

हाम्रो सुन्दर स्वप्नको, नियतिको आशा-भरोसा तिमी
साथै राष्ट्रिय ओजको र बलको आयुः प्रदाता तिमी ।
राष्ट्रोन्नायक साधना र व्रतको ह्वौ मन्त्र, निष्ठा तिमी
हे राजा ! नयनिष्ठ यो मुलुकको ह्वौ प्राणतत्त्वै तिमी ॥

(१)

गर्दै छौं दृढ भक्तिले सब मिली राज्याभिषेकोत्सव
हर्षोल्लास छ आज राज्यभरि नै छन् उत्सवै-उत्सव ।
हाम्रो यो अभिषेकले प्रथित भै तिम्रो वढोस् अर्हता
हे राजा ! प्रियदर्शि-भूपहरुमा तिम्रो रहोस् श्रेष्ठता ॥

(२)

(श्री ५ वीरेन्द्र शुभराज्याभिषेक समिति, नारायणी अञ्चलको
'अभिषेक' नामक अभिनन्दन-पुस्तकमा प्रकाशित)

□□□

पूर्णायुको कामना

नैराश्य-ग्लानि-चिन्तामय दलबलले युक्त शस्त्रास्त्रसज्ज
क्रूरात्मा, मित्रभेदी, सतत कलहको कारणी, मुक्तलज्ज ।
सन्तापक्षोभकारी, गत युगयुगको शत्रु दारिद्र्यलाई
निर्मूलै पारिछोड्ने छ तुमुल रणको लागि हाम्रो तयारी ॥

(१)

राजा यौटै तिमी छौ सब जनजनको प्राणको स्फूर्तिशक्ति
आशा, सङ्कल्प, इच्छा, लगन सब तिमी राष्ट्रकै प्राणशक्ति ।
हाम्रो साफल्य तिम्रो नयमय प्रभुतापूर्ण त्यै ओजमा छ
तिम्रो पूर्णायु होओस् हृदयहृदयको आज यै कामना छ ॥

(२)

❑❑❑

शुभकामना

हौ माली अतिकार्यतत्पर तिमी यो राष्ट्र उद्यान हो
हामी हौं तृण, वृक्ष लक्ष्य पनि यै उद्याननिर्माण हो ।
डग्दैनौं बिरुवाहरू पनि कतै तिम्रो उकेरा मिली
तिम्रो स्नेहसिँचाइ पाइ कहिल्यै वैलाउँदैनौं गली ॥

(१)

साँच्चै फालिन-छाँटिनै पनि परे तैयार भै राख्तछौं
यो उद्यान समृद्ध सुन्दर बनोस्, धोको यही राख्तछौं ।
काँडा, झार, उखेल्न, गोड्न, बिरुवा छानेर हुर्काउन
हे राजा ! सय वर्ष नै जिय, सकोस् उद्यान यो गम्किन ॥

(२)

□□□

बाँची रहौं विश्वमा

तिम्रो सक्रिय, स्नेहपूर्ण दरिलो नेतृत्वको कारण
त्यो सामाजिक क्षेत्रको दिनदिनै बढ्दो छ आकर्षण ।
छैनौ स्वामिप्रतापचर्चित अरूझैँ वीरपत्नी तिमी
राज्ञी हौ सुचरित्रचर्चित स्वयं वीराङ्गना नै तिमी ॥

(१)

तिम्रो होस शतायु राजमहिषी ! सौभाग्यका साथमा
हाम्रो संस्कृति मेट्न साहस नहोस् कत्रै कुनै शक्तिमा ।
हौ ऐश्वर्य स्वयं दपेट्न नसकोस् दारिद्र्यचले राष्ट्रमा
हाम्रो राष्ट्रिय स्वाभिमान नमरोस् बाँची रहौं विश्वमा ॥

(२)

❑❑❑

श्रीपेच

नेपाली चेतनाको, दृढ जनरुचिको, भक्तिको सत्प्रतीक
हो यो श्रीपेच हाम्रा प्रिय नृपहरुको शीर्ष शृङ्गार एक ।
जस्को माहात्म्य मात्रै अपरिमित हुँदा देवकै अंश वीर
राजाले मात्र सक्छन् पहिरन शिरमा सूक्ष्मदर्शी भएर ॥

(१)

आफैं यो रत्नले प्रोज्ज्वलित छ झलझल्, फेरि दिक्पाल-अंश
राजाको गुप्त दैवी द्युति पनि प्रकटै गर्नुपर्दा विशेष ।
धप्धप् त्यो तेज ! सक्ला कुन जन ननुही हेर्न श्रीपेचलाई
राष्ट्रैको प्राण, आत्मा, दम, बल, खँदिलो शक्तिको स्रोतलाई ॥

(२)

गाढा निद्रा हटाई विधि र नियमका रश्मि सर्वत्र छाई
आफ्ना रैतीहरूमा अलग-अलग ती कर्मनिष्ठा जगाई ।
डाँडाकाँडा र बस्ती, चर-अचर सबैमाथि एकै प्रभाव
राख्ने श्रीपेचमा छन् सब गुण रविकै तेज, निष्पक्ष भाव ॥

(३)

श्रीपेचैबाट हाम्रो छ यस मुलुकको दीप्त स्वातन्त्र्यशान
श्रीपेचैले छ हाम्रो अविवश गति यो जातिको स्वाभिमान ।
श्रीपेचैले छ हाम्रो यस क्षितितलमा वीर विख्यात नाम
श्रीपेचैबाट हाम्रा व्रत र सुयशका शत्रु छन् थर्कमान ॥

(४)

जस्को सर्वोच्चतामा हिमगिरि र अरू देवदेवीहरूको
मौन स्वीकार राज्यैभरि छ र यसमा छैन फाटो कसैको ।
यी नाना जाति, पन्थी, जनपदहरुको ऐक्य आधार प्यारो
चम्की राखोस् हजारौं युगतक गरिमासाथ श्रीपेच हाम्रो ॥

(५)

□□□

एक अभिव्यक्ति

विश्वप्रार्थित देन होस् अमर त्यो पूर्वीय विज्ञानको
होस् आरोग्य र स्फूर्तिदायक प्रभा अध्यात्म चैतन्यको ।
आयुर्वेद ! तँ होस गर्व, गरिमा हाम्रो सदाकालको
तेरो उन्नति हिन्दुराष्ट्र-जनको हो नाप उत्थानको ॥
(१)

❑❑❑

नववर्षको स्वागत

नामैबाट सकिन्छ भन्न सजिलै रक्ताक्ष ! तिम्रा गुण
होलान् निश्चय वीरसम्मत तथा अन्यायमा रोषण !
हामी वीर अनीतिवर्तिहरुमा झन् उग्र रक्ताक्ष छौं
हे संवत्सरराज ! नीतिपथमा हामी दुवै एक छौं ॥

(१)

हाम्रा साहस, शौर्यवर्धक वनून् तिम्रा अनन्त क्षण
तिम्रो निम्ति पनी समर्थक वनून् हाम्रा करोडै मन ।
हाम्रो राष्ट्रिय उन्नति-प्रगतिमा तिम्रो नयाँ देन होस्
आऊ हे नववर्ष ! स्वागत, नयाँ जागर्ति-सञ्चार होस् ॥

(२)

(कविको निधनपछि 'हिन्दू साप्ताहिक' पत्रिकामा
हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

❑❑❑

कर्मी बनौं राष्ट्रको

व्रह्माकै पनि आयुको खटन जो निर्लिप्त भै गर्दछ
जस्को आदि र अन्त छैन, सवको सत्ता जहाँ दब्दछ ।
मुख्य स्रोत समस्त उद्‌भव र ती सामर्थ्यको, शक्तिको
हे प्यारा नववर्ष ! कर्मठ तिमी हौ अंश त्यै कालको ॥

(१)

नामै विक्रम ! साँच्चि नै अव तिमी गर्छौ ठुलै विक्रम
छौं हामी पनि राष्ट्र डुब्न नदिने सङ्कल्पवान् हरदम ।
यो दुष्प्राप्य सुयोग राष्ट्रजनको प्राकट्य हो पुण्यको
तस्मात् हे नववर्ष स्वागत ! मिलौं कर्मी वनौं राष्ट्रको ॥

(२)

('नेपालदर्पण साप्ताहिक' पत्रिकामा
२०४४ साल वैशाख १ गते प्रकाशित)

❑❑❑

आरोग्य

नाना प्राणीहरूको तनमन सबको स्फूर्ति-सञ्चारयन्त्र
उच्चाकाङ्क्षीहरूको सकल उदयको साधनाद्वारमन्त्र ।
जस्को साहित्यमा छन् गृह, धन, पदवी, राज्य सारा विकाम
त्यै छ प्राप्तव्य जस्को छ सकल तहमा ख्यात 'आरोग्य' नाम ॥

(१)

('आरोग्य' पत्रिकामा प्रकाशित)

□□□

शुभ-आशंसा

ओज:-शक्तिमयी पराप्रकृतिको यो सृष्टि उन्मेष हो
साझा राष्ट्रिय मुक्तिनिम्ति युगको यो दृष्टि उन्मेष हो ।
हे उन्मेष ! तँ मुक्त भावि-युगको होस् व्यक्त आश्वासन
तेरो प्रश्रयबाट चर्चित बनून् हाम्रा समस्त क्षण ॥
(१)

(संस्कृत महाविद्यालय छात्रसमितिले निकालेको
'उन्मेष' नामक पत्रिकालाई दिइएको शुभ-आशंसा)

❑❑❑

खोजी

लाखौं वर्ष बिते, प्रवाह यसरी चल्दो छ यो कालको
केले शान्ति र मुक्ति मिल्दछ यही चिन्ता छ यो मर्त्यको ।
टुङ्गो छैन कतै, तथापि गहिरो जारी छ अन्वेषण
यो 'खोजी' त्यसकै सहायक बनोस् थप्तै नयाँ दर्शन ॥
(१)

(१ नं० को छात्रसमितिले निकालेको
'खोजी' नामक पत्रिकालाई दिइएको शुभेच्छा)

❑❑❑

प्रतिवेदन

फिँजायौँ विश्वैमा अमृतपथको दर्शन पनि
कमायौँ ओजस्वी रणकुशलताको यश पनि ।
थकै मार्‍यौँ केही समय, अब पुग्नै छ लखमा
यसैले यो उठ्ने चुलवुल छ हामीहरुमहाँ ॥

(१)

('चुलबुल' पत्रिकामा प्रकाशित)

□□□

राष्ट्रको माग

त्यै सच्चा गुरुभक्तिको, विनयको, आचारको, शौर्यको
निष्ठाको, बलिदान, त्याग-तपको, उत्साहको, धैर्यको ।
शिक्षा पाउनुपर्छ छात्रहरुले यो शास्त्रतात्पर्य हो
हाम्रा छात्र चरित्रनायक बनून् यो राष्ट्रको माग हो ॥
(१)

❑❑❑

जागर्ति

सारा सृष्टि अमेय शक्ति विधिको जागर्तिकै देन हो
राम्रो यो नव विश्वरूप युगको जागर्तिकै देन हो ।
इच्छा मानव गर्छ मुक्त हुन, यो जागर्तिकै देन हो
केही होइन स्वर्ण रत्न जन हो ! जागर्ति सर्वस्व हो ॥
(१)

□□□

आत्मस्मृति

चिनें, ठूला-साना प्रमुख सव ती पद्धति चिनें
चिनें, सानालाई पनि अरु छिमेकीहरु चिनें ।
मलाई ए साथी ! अब अतुल आत्मस्मृति भयो
म 'नौलो नेपाली' भइकन उठूँ यै मन भयो ॥
(१)

('नौलो नेपाली' पत्रिकामा प्रकाशित)

□□□

उपकार

गर्छौं नित्य ढलीमली पृथिवीको वात्सल्य ! यो काखमा
हुन्छौं जीवित सूर्यका किरणको औदार्य ! यो आँचमा ।
जोड्छौं अन्नफल प्रशस्त रसिलो सौहार्द्रमा मेघको
कुञ्जी नै 'उपकार' हो जगतका सम्पूर्ण संस्थानको ॥

(१)

लाखौं कीटपतङ्ग आदिसरहै जन्मन्छ मान्छे पनि
को जन्म्यो र मऱ्यो हुँदैन कहिल्यै यस्को त लेखो पनि ।
अर्काको 'उपकार' नै युगयुगौं बाँच्ने महामन्त्र हो
मान्छे हो ! 'उपकार' मन्त्र लिय है यै जन्मको सार हो ॥

(२)

('उपकार' पत्रिकामा प्रकाशित)

❑❑❑

श्रीपञ्चमीको बिहान

माघ मासको त्यो बिहान टम्म छ कालो कुहिरो
ठक्ठक जाडो, आँग छ नाङ्गो, ओढ्नु छ बोरा टुक्रो
दाँत बजेका, भोका, दुब्ला पाटीका ती माग्नेले
औँल्याईकन हाँसेर भने – "ती नेता, ती मन्त्री रे !"

(१)

सुन्ने भन्छन् आज वसन्त, हनुमान्ढोका जग्जग छ
मोटरताँती, उर्दीवाल मानिसहरुको घुइँचो छ
युगयुगशोषित, वञ्चित, देख्तै कङ्कालझैँ ती माग्नेले
औँल्याईकन हाँसेर भने – "ती नेता, ती मन्त्री रे !"

(२)

घर न द्वार न, पाटीको वास, न कुनै पेसा छ
केवल अरुले फालेकैबाट जसको चारा छ
आश, त्रास ध्वस्त भएका पाटीका ती माग्नेले
औँल्याईकन हाँसेर भने – "ती नेता, ती मन्त्री रे !"

(३)

कसले तिनको जीवनको लाग्दो-पुग्दो भाग हर्‍यो
जसलाई यो थाहै छैन – 'कसले पार्‍यो दुर्गति त्यो ।'
राष्ट्रिय धनका साझेदार पाटीका ती माग्नेले
औँल्याईकन हाँसेर भने – "ती नेता, ती मन्त्री रे !"

(४)

जीवनभर नै जसले सग्लो मोहर छोएको छैन
आफ्नो भन्ने चीज कुनै पनि जसले जानेको छैन
मानवताको मूर्त क्रन्दन ! पाटीका ती माग्नेले
औँल्याईकन हाँसेर भने – "ती नेता, ती मन्त्री रे !"

(५)

(कविको निधनपछि 'हिन्दू साप्ताहिक' पत्रिकामा हरि मञ्जुश्रीको सौजन्यबाट प्रकाशित)

□□□

कवितासित

दुनियाँ तिम्रो आशा गर्छ कसले तिम्रो मर्म विचार्छ
वास्तव तिमि छौ अक्षरमाध्यम ! छौ कवितन्त्र स्थितिमा हर्दम ।

(१)

भिखको गीत र गन्थन त्यस्तो आत्मा शून्य छ कविता रे त्यो
त्यो ता मागने अलक कथेको हो वा मृतक श्वास उडेको ।

(२)

हो तिमि आफैं यदि बोल्थ्यौ त भन्थ्यौ – कविता यस्तो हुन्छ
हो तिमि आफैं लिपि कोर्थ्यौ त खिच्थ्यौ – आत्मा यस्तो हुन्छ !

(३)

मूक र जडका अन्तर्ध्वनिको अक्षर-वारिस आफैं बन्थ्यौ
आँखा भई को अन्धो हुन्थ्यो ? प्राण भई को मूर्दा हुन्थ्यो ?

(४)

तब तिमिलाई दुनियाँ चिन्थ्यो सत्य र शिवसुन्दरको पथमा
तब तिमिलाई दुनियाँ सुन्थ्यो सच्चा मानवताको ध्वनिमा ।

(५)

'कविता' लिन्छन् तिम्रो नाम, हुन्छन् भिखका गीत र गन्थन
दुनियाँ खाली आशा गर्छ, कसले तिम्रो मर्म विचार्छ ?

(६)

□□□

अपरिचिता

आधा रात छ, सारा हेरिरहेछन् कुतूहली तारा ।
दिशाहरु उज्याला गम्छन् हेरी मिलाउँदै गाला ॥
(१)

बेला यो छ अकेली कोही युवती तिखो गला खोली ।
गाई विरही गीत लागिन् बाटो, चिरेर एकान्त ॥
(२)

सेतो लामो किनारा चकचक बुट्टा भरी सयौं तारा ।
पतला नीलो-नीलो निर्मल सारी लगाई त्यो नौलो ॥
(३)

नाना तरङ्ग भर्दै स्वयं विरहकी तरङ्गिणी बन्दै ।
लागिन् तलतल विचरी उलझन पथका सबै लतारी चिरी ॥
(४)

छङ्छङ् स्पष्ट सुनिन्छ नूपुर ध्वनि त्यो कतै त विग्रन्छ ।
सललै भइ गति चल्छ कतै त भ्रममा परेर घुम्रन्छ ॥
(५)

एवं क्रमले पाखातिर पनि नलगाई मत्स्यझैं आँखा ।
एकै लक्ष्य र होस लिई हिँडिन् ती नछोडी आवेश ॥
(६)

तिनको पुग्नु कहाँ छ, कोसित मिल्ने प्रगाढ इच्छा छ ।
को बुझ्दछ यो भित्री ! रहिछिन् ज्यादै चिसी महागहिरी ॥
(७)

सोधूँ उत्तर दिन्नन् केवल मस्केर फिँजभैँ हाँस्छिन् ।
छेकूँ ती छेकिन्नन्, विघ्नै छरिती छलेर फुत्कन्छिन् ॥
(८)

आफ्नै प्रेमी भेट्न सती हिँडेकी बुझिन्छ यो जाँच्न ।
केही बाँकी छैन, फर्किनु-फर्किनू जहाँ कुनै छैन ॥
(९)

स्वाँस्वाँ गर्छिन् श्रमले तर पनि विश्राम खोज्दिनन् दिलले ।
दुःख र श्रम को गन्छ ? प्रिय-उत्कण्ठै लिएर जो बढ्छ ॥
(१०)

युवती एक्लै राती ! यो पनि लाग्दैन मैल तिनमाथि ।
कसै पनि धमिलिन्नन् प्रियविश्वस्ता तिनी यसैले छन् ॥
(११)

अन्त्य लिई सकिँदैन साध्वीलाई डगाउन सकिँदैन ।
यस्ताको स्पर्शैले निर्मल हुन्छन् चराचरै अहिले ॥
(१२)

पक्कै होला गतिलो माइत यिनको हिमालभैँ ठूलो ।
प्रेमी यिनकै जोडा होला साँच्चै समुद्र-गुणवाला ॥
(१३)

❑❑❑

प्रभातजन्म

आज दिनश्री कालो मुख लिई भन्छिन् प्यारी छोरीलाई ।
सन्ध्या ! जाऊ आफ्नै ठानी पतिको घरमा दुःख नमानी ॥

(१)

छोरी भइकन जन्म लिएपछि तनमा यौवनचिह्न फुटेपछि ।
नानी ! माइत बस्न हुँदैन, अरुले देख्ता बेस हुँदैन ॥

(२)

छोरी जति छन् दुनियाँभरमा को छ र बस्ने माइतघरमा ।
बावै ! तेरैजस्तै वयमा मै पनि आएथैँ यो घरमा ॥

(३)

हाम्रोजस्तो ताप सहेर बस्नुपरे पो ! तैपनि हेर ।
कसरि वसेकी छू म रिझाई रूखा र खरा पति रविलाई ॥

(४)

तेरा त्यस्ता पति छन् चन्द्र शीतल, छविमय, मृदु, दिलदार ।
केको पिर छ र घरमा जान ! जानू, बस्नू, राख्नू शान ॥

(५)

पति छन् राजा ताराहरूका, तृण, गुल्म, लता अनि ओषधिका ।
राज्य विशाल छ व्योम, धराको क्रीडा गर्नु छ मनमाफिकको ॥

(६)

आमाका ती वचन सुनेर सन्ध्याको त्यो लाल मुहार ।
कान्ति हराई वैलन थाल्यो, झन्झन् कालो देखिन थाल्यो ॥

(७)

तैपनि हडवडसाथ सकेर आफ्नो कोरीवाटि सिँगार ।
सन्ध्या लागिन् घरतिर सारालाइ तुल्याई मलिन अँध्यारा ॥

(८)

यस्तो चीसो खवर तुरुन्त फिँजियो हावैवाट दिगन्त ।
ठूला घरको घटना सानो पनि विश्वैको वन्दछ मानौं ॥

(९)

आफ्ना छोरी जाति पराइ-घरमा जाँदा नारीलाई ।
मनमा केके लाग्ने हुन्छ, अलिदिन त्यास्रो भइ पनि हाल्छ ॥
(१०)

त्यसबाट भइन् प्रकृति स्तब्ध, मलिनाकार, मौन र क्षुब्ध ।
सब पशुपन्छी मौन, अचेष्टित ! सवतिर छायो शोक विजृम्भित ॥
(११)

त्यत्रो पुत्रीविरह ! दिनश्री विचरी भइकन पूर्ण गतश्री ।
अस्ताचलको शून्य गुफामा पल्टिन् छोपीकन मुख पिरमा ॥
(१२)

अर्कोतिर ती सन्ध्या पथमा सोच्थिन् नानाथरि त्यो मनमा ।
पहिलो भेट छ, घर कस्तो छ, पति के भन्लान्, कस्तो स्थिति छ ॥
(१३)

यस्ता शङ्का लिइकन भारी थालिन् रुन ती विघ्न अँध्यारी ।
तर चन्द्र प्रियाको लागीमा रुन्थे उत्सुक जुन पनि क्षणमा ॥
(१४)

पाई खबर प्राणप्रियाको खोली ढोका पूर्व दिशाको ।
निस्के शशधर हर्षित मुखले दिशा उज्याला पार्दै द्युतिले ॥
(१५)

देख्ता पतिको उत्क मुहार जानी आफूप्रतिको प्यार ।
सन्ध्यामा त्यो हर्ष अटेन, मालिन्य कतै वाँकि रहेन ॥
(१६)

प्रियामिलनले आयो विधुमा जब त्यो मधुमय रञ्जन मनमा ।
अनि सन्ध्याले 'रजनी' नाम पाइन्, जान्दछ विश्व तमाम ॥
(१७)

तारावुट्टे नीलो सारी, ज्योत्स्नाधवलित देह छ भारी ।
रजनी बस्छिन् सस्मित केली ! लज्जित मुखमा घुम्टो हाली ॥
(१८)

रजनीको त्यो सुखमय स्थितिमा प्रकृतिलगायत नारीहरुमा ।
साँच्चै शान्ति र सन्तोष थियो, भित्र असीमित आनन्द थियो ॥
(१९)

थाले यसरी बित्न निरन्तर जब ती होरा, प्रहर, क्षणक्षण ।
आयो रजनीमा त्यो किरण-गर्भ रहेको सुन्दर लक्षण ॥
(२०)

अनि विधुले त्यो हर्षक्षणमा भनि पनि हाले नीरव स्वरमा –
'श्रान्त छु ज्यादै गर्दा काम, बेला आयो लिन विश्राम ॥
(२१)

मेरो द्युतिमान् पुत्र हुने छ, अनि पछि तमको घात हुने छ ।
गर्दा विश्वैलाइ विभात त्यसको होला नाम प्रभात ॥
(२२)

त्यसले मेरो काम लिएपछि अवसर त्यस्तो मिल्न गएपछि ।
जाऔँला है रजनी ! तपमा अस्ताचलको शान्त गुफामा' ॥
(२३)

भित्री मनले भनिदिनुपर्छ, ईश्वरले त्यो सुन्ने गर्छ ।
श्रान्त तपस्योत्सुक ती विधुको आई हाल्यो अवसर तपको ॥
(२४)

जन्मन लोकोत्तर व्यक्तित्व पहिल्यै खुल्छन् लक्षण-तत्त्व ।
आयो सर्सर मलयसमीर, पक्षी बासे, पूर्व खुलेर ॥
(२५)

जन्म्यो सुन्दर-शान्त प्रभात, उघ्रो विश्वै भइ नवजात ।
फेरि दिनश्री-हृदय पलायो, सारा चिन्ता-शोक हरायो ॥
(२६)

अस्ताचलमा रजनि बसेकी मुदित दिनश्रीचाहिँ उठेकी ।
रजनी-दिनश्रीबीच वियात भइकन थाल्यो खेल्न प्रभात ॥
(२७)

❑❑❑

तुषारो

रूप छ तेरो मोतिसरी, कोमल सेतो चाँदसरी ।
किन्तु तुषारो ! चिन्दछु म चित्त छ तेरो क्रूरतम ॥
(१)

स्पर्श विछट्टै शीतल छ, देख्न रसीलो भरिलो छ ।
किन्तु तुषारो ! चिन्दछु म आँत छ तेरो अग्निसम ॥
(२)

आर्द्रपनाले जीवनका आश दिलाई, औषधिका ।
विरुवा मार्ने बुझ्दछु म निन्दित तेरो कार्यक्रम ॥
(३)

तत्त्व यही हो जीवनको अव्यभिचारी – "जो अरुको ।
गर्दछ रक्षा बाँच्तछ त्यो, गर्दछ हिंसा मर्दछ त्यो" ॥
(४)

मेट्तछ आफ्नै आश्रय जो टिक्तछ केमा आश्रित त्यो ।
मूर्ख तुषारो ! देख्छ मन – "आयु छ तेरो केहि क्षण" ॥
(५)

□□□

कुकुर-बिरालो

कुकुर –

कहिले तलतिर कहिले माथि, कहिले चोटा-छानामाथि
हेर् तँ बिरालो खान्छस् यसरी, घरमालिकको कामै नगरी ।
मालिक सोझा छन् भन्दैमा निमकहरामी नलिए मनमा
शास्त्र पढी सिक् सेवकधर्म, नत्र पिटै नै पर्ला मर्म ॥

बिरालो –

अर्काको त्यो काम छ कस्तो, नबुझी बक्छस् यस्तो-उस्तो
कुकुर तँ सारै मूर्ख रहेछस्, सब जन आफैँजस्तो देख्छस् ।
घरमा आउँछ जो, को-कस्तो नचिनी भुक्छस् लिन्छस् सातो
हुन्छन् मालिक कति बदनाम तैं होस् सच्चा निमकहराम ॥

कुकुर –

घरका ढोका-झ्याल खुला छन्, मालिक आफ्ना सुरमा हुन्छन्
कलि हो सबमा धनकै धोको, छैन कसैको पनि मन चोखो ।
घरका सारा भाँडाबर्तन, धन पनि मैले पर्दछ कुर्न
कत्रो काम छ बक्छस् तँ किन मेरो रिसमा व्यर्थै पर्न ॥

बिरालो –

खान्छ मुसाले भित्रै अन्न पार्दछ सारा वस्त्र विशीर्ण
मैले नकुरे घर नै खाक बन्दछ नसुना फोस्रो धाक ।
भित्रै नबचे धनसम्पत्ति सबले बोक्नैपर्छ विपत्ति
अनि के तैंले कुर्नु-लछार्नु ? तेरो काम छ व्यर्थै भुक्नु ॥

कुकुर –

दुइ पैसाको विषले मर्छ, व्यर्थ मुसाको डर को लिन्छ
को छ मुसाले वास उठेको, धनिक भईकन टाट भएको ?
हाम्रै डाँकैसँग विग्रह छ जिउ नै क्षणक्षण खतरामा छ
धन्य ! मुसाको डर देखाई घिच्छस्-डस्छस् मालिकलाई ॥

बिरालो –

कस्तो काम र के छ महत्ता सुविधाले नै दिन्छ इयत्ता
ढीँडा-डल्लो तेरो खाना मासु र दूधै मेरो दाना ।
ढोकाबाहिर तेरो वास चूलो-डसना मेरो वास
यसबाटै बुझ् तेरो काम ठूलो हो वा मेरो काम ॥

कुकुर –

होस् तँ मुसाको तुच्छ सिकारी घुम्दै हिंड्ने धान-भकारी
कसरि तँजस्तो सानो पात्र बुझ्थिस् मेरो कार्यक्षेत्र ।
कति मुद्दा छन् मेरै मतिमा चल्ने-छिन्ने पुलिसहरूमा
पुलिसहरूमै मान्य स्तरको मेरो स्थान छ कति सुविधाको ॥

विरालो –

हो, हो ! मान्छन् सकल तँलाई, पूजा गर्छन् लात चलाई ।
देख्तै छु त्यो यस आँखाले केको राख्छस् धाक कुराले ? ॥

कुकुर –

हो, हो ! मेरो पूजै चल्दछ कुकुरतिहार त जब नामै छ ।
पूज्छ मलाई देशैभरिले डाह भए जा मरिहाल् रिसले ॥

□□□

रमाको मर्मव्यथा

राधा –

मलीनो वैलिएजस्तो म तिम्रो चेहरा देख्छु
तिमीलाई के भएको छ बैनी ! पातली देख्छु ।

नरोऊ भल्भली आँसू मलाई भन्न के हुन्छ ?
मरी जाऊँ, मनैमा त्यो, म राखूँला भने हुन्छ ।

रमा –

दिदी ! भन्छु, कसैलाई नभन्नू पाप लाग्ने छ
मरी जाऊँ कसैलाई भनेकी छैन गोप्यै छ ।

तिमीलाई पनी भन्न मुखैमा वाक्य फुट्तैन
दिदी ! मर्नूविना मेरो उपायै केहि नै छैन ।

दिदी ! भित्री छ यो मर्म, कसैले झिक्न सक्तैन
नगर्नू धेर यो जिद्धी, भनूँ के वाक्य फुट्तैन ।

कता जाऊँ, सबै देख्छु अँध्यारै मात्र निस्पट्ट
कृपाका सिन्धु हे दैव ! मलाई मारिचौ झट्ट ।

राधा –

नरोऊ व्यर्थ यो मेरो मनैलाई रुवाएर
पऱ्यो के, निम्तिमा तिम्रो म गर्छु ज्यान फालेर ।

नरोऊ, रोइ के हुन्छ, शरीरै झन् सुकाएर
कतै धोका हुने छैन, म भन्छू घाम छोएर ।

रमा –

दिदी, आमा सबै मेरो तिमी नै छौ धरित्रीमा
म पर्छू खालि तिम्रो नै, दिदी प्यारो भरोसामा ।

म यत्रो वर्ष आफ्नो त्यो अभागी कर्म सम्झेर
बसेकी नै थिएँ राम्रै सतीको धर्म थामेर ।

दिदी ! के भन्नु यो मेरो गलामै शब्द अड्किन्छ
मलाई खोजिद्यौ पासो, म मर्छू बात टुङ्गिन्छ ।

राधा –

नरोऊ झन् भन्यो रुन्छ्यौ, छ कामै के र रोएर
म गर्छू, लौ भनी हाल छिटो के हो नढाँटेर ।

तिमी ता मूर्ख, झन् मूर्ख गनिन्छ्यौ व्यर्थ रोएर
छिपाए पर्छ वित्यास, बताऊ लौ नरोएर ।

रमा –

दिदी ! भन्छू कसैलाई नभन्नू पाप लाग्ने छ
मलाई आसरा देऊ, विछट्टै पुण्य लाग्ने छ ।

दिदी ! आषाढको मास, जुनेली रातको बेला
कसैको साथमा बस्ता भएथ्यो धर्मको हेला ।

महीना चार यो लाग्यो त्यसैले वेदना पाऱ्यो
कहाँ जाऊँ दिदी ! रोई त्यसैले मृत्युमा पाऱ्यो ।

दिदी ! यस्तो कुरा खोलेँ, नभन्नू पाप लाग्ने छ
म पाऊँ पुछ्न यो आँसू, विछट्टै पुण्य लाग्ने छ ।

राधा –

हरे ! निर्धा सिधासाधा कति स्त्रीजाति भन्नेको
फुटेको पुर्पुरो कस्तो ! छ कर्मैले सरापेको ।

सधैँ चिन्ता, सधैँ पोलो, सधैँ आँसू, सधैँ मर्म
सधैँ पासो छ, नारीको कति खोटो छ यो कर्म ।

सुनी आफ्नै परेजस्तो मलाई लाग्छ यस्तोमा
यसैले दन्दनी आगो बल्यो यो भित्र छातीमा ।

त्यही हो मित्र साँच्चैको विपत्‌मा साथ जो दिन्छ
म गर्छू जे गरे तिम्रो सधैँ बैनी ! भलो हुन्छ ।

छ कामै यो निकै गाह्रो, तिमीले बुझ्नु नै पर्छ
कसो गर्ने ? यता बाघ, उता खोलो, दुवै छेक्छ ।

□□□

गद्यकविता

मेरो नाम हो गद्यकविता,
गद्यकविता !
जब कालिदास, भवभूति, माघ र भारवि मरे
जब श्रीहर्ष मरे, त्यस्तै अरू छन्दकविहरू मरे
अनि कविता मऱ्यो, छन्द मऱ्यो
तर भावना मरेन, उन्मेष मरेन
जब उन्मेष मरेन, कवित्वको तृष्णा मरेन
उदयेच्छु कविहरू निराश भए, लत्रङ्ग परे
छन्दको अनभिज्ञतामा, अशक्तिमा, काव्यप्रतिभाको शून्यतामा
अनि मेरो जन्म भयो, मेरो नामकरण भयो – गद्यकविता
मेरो नाम हो गद्यकविता
गद्यकविता !

x x x

म युगस्रष्टा हुँ
मैले काव्यजगत्मा एउटा नयाँ युग-सृजन गरेको छु
विनाछन्द, विनामधुरकोमलकान्तपदावली
अलङ्कार चाहिन्न
रीति, गुण, रस चाहिन्न
भावना भए पुग्छ
अभिव्यक्ति भए पुग्छ
कुवलयानन्द, रसगङ्गाधर, काव्यप्रकाश नपढे हुन्छ
ध्वनिसिद्धान्त नजाने हुन्छ
भावना भए,
अभिव्यक्ति भए पुग्छ
मैले सबलाई कवित्वले अलङ्कृत, विभूषित गरिदिएको छु
एउटा उदार निरर्गल, नयाँ काव्ययुगको सृष्टि गरिदिएको छु
म युगस्रष्टा हुँ
मेरो नाम हो गद्यकविता
गद्यकविता !

x x x

हेर, म कति लोकप्रिय छु
कवित्व र अभिव्यक्तिका इच्छुक
कतिले मलाई सम्झन्छन्, मेरो आश्रय गर्छन्
मैले राजा भोजको समय फर्काइदिएको छु
आज सबै कवि छन्, सबै लेखक
सबै कविता गाउँछन्
आफआफूमा ताली दिन्छन्
सबै मस्त छन् कवि बनेर, लेखक बनेर
मैले सबलाई विनाअङ्कुश कवि, लेखक बनाइदिएको छु
यसैले म लोकप्रिय छु
सबैले मेरो नाम लिन्छन् – गद्यकविता !
मेरो नाम हो गद्यकविता !

❑❑❑

श्रीमहामहिमानः सार्कसदस्यराष्ट्रप्रमुखाः !

स्वागतम् ! स्वागतम् !

१. एशीयायाः सदा स्वतन्त्रं रम्यं भूभागं नेपालम् ।
यत् पावयितुं यूयं सार्कराष्ट्रप्रमुखा आगतवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

एसियाको, सदा स्वतन्त्र रहेको एक भूभाग हाम्रो देश नेपाललाई पवित्र पार्न सार्कसदस्यराष्ट्रहरूका प्रमुख व्यक्तित्व यहाँहरू जो पाल्नुभएको छ

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

२. ईशावास्याऽभिहितैर्मन्त्रैः सर्वप्राग् भुवि कृतचित्प्रसरम् ।
गौरीशङ्करवसतिं यूयं यन्नेपालं श्रद्धितवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

(महर्षि याज्ञवल्क्यप्रणीत) ईशावास्योपनिषद्ले यस धरातलमा सर्वप्रथम विश्वभावनाको चेतनाप्रसार गरेको, साक्षात् गौरीशङ्करको स्थितिव्यवस्था भएको हाम्रो देश नेपालप्रति जुन श्रद्धा राख्नुभयो यहाँहरूले,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

३. नीत्या (श्री ५) महेन्द्रया राष्ट्राणां सङ्घे प्राप्तस्तुत्यप्रवेशम् ।
स्वनुसृतसङ्घं यन्नो देशं यूयं ह्यधिमूल्याङ्कितवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

राष्ट्रनायक श्री ५ महेन्द्रको नीतिकौशलको कारण राष्ट्रसङ्घमा सराहनीय प्रवेश पाएको र राष्ट्रसङ्घको यथावत् नियमपालन गरेको हाम्रो देशको यहाँहरूले जो मूल्याङ्कन गर्नुभयो,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

४. सैनिकसङ्घातस्याऽस्पर्शे, निःशस्त्रत्वे च सहास्तित्वे ।
समसिद्धान्तं यन्नो देशं यूयं विश्वस्याऽगतवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

आफ्नो असंलग्ननीति, निःशस्त्रीकरण र सहअस्तित्वको सिद्धान्त मिल्ने भएकोले विश्वास गरेर हाम्रो देश नेपालमा जो यहाँहरू पाल्नुभयो,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

५. अस्मद् भूपतिशान्तिक्षेत्रप्रस्तावोक्तस्वर्णभविष्यम् ।
स्निह्यन्नृपजनकृतसौराज्यम् यूयं यदिमं ह्याहृतवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

आफ्ना राजाको शान्तिक्षेत्रप्रस्तावबाट स्वर्णभविष्य सूचित भएको, राजा र प्रजाको परस्पर स्नेहबाट सौराज्य कायम भएको हाम्रो देश नेपाललाई जो आदर गर्नुभयो यहाँहरूले,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

६. अन्तर्राष्ट्रिय शान्तिसुरक्षासन्दर्भेस्वर्पितसहयोगम् ।
स्वर्णेतिह्यं यन्नो देशं स्वोपस्थित्याऽलङ्कृतवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको सन्दर्भमा सदा सहयोग पुऱ्याउँदै आएको स्वर्णमय इतिहास भएको हाम्रो देशलाई आफ्नो उपस्थितिद्वारा जो अलङ्कृत गरिदिनुभयो,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

७. हस्तक्षेपं परसत्तायाः, जात्याग्रहमार्थिकवैषम्यम् ।
असहन्तं नो देशं यूयं कार्यगृहार्थे यद् वृतवन्तः ।
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

आन्तरिक हस्तक्षेप, जातीय पक्षपात, आर्थिक विषमताका नीतिविशेषहरूको विरोधी भएको कारणबाट हाम्रो देश नेपाललाई स्थायी कार्यालयको निमित्त जो छान्नुभयो,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

८. राष्ट्रधुरीणा ! स्वान् मतभेदान् त्यक्त्वा सङ्घस्य क्षेत्राय ।
यूयं यत्सङ्घटनौदार्यं विश्वसमक्षं दर्शितवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

महामहिम राष्ट्रप्रमुखहरू ! सङ्घीय हितको लागि आफ्ना मतभेदहरू छोडेर विश्वसमक्ष तपाईंहरूले सङ्गठनात्मक जुन औदार्य देखाउनुभयो,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

९. आदर्शेणाऽनेन वरीयः सङ्घटनेनाऽद्य हि यूयं यत् ।
स्वीयाः सार्कान्तर्गतजनता भाविसमृद्धयाऽऽश्वासितवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

यहाँहरूले आफ्नो यस आदर्श सङ्गठनद्वारा सार्कसदस्यराष्ट्रहरूका सारा जनताहरूलाई भविष्यको समृद्धिको जुन (मौन) आश्वासन दिनुभएको छ,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

१०. राष्ट्रप्रमुखाः ! कार्यगृहस्याऽत्र स्थापनतो युष्माभिर्नः ।
हिन्दूराज्यं यन्निःसीमस्तुत्यमहिम्ना योजितवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

महामहिम राष्ट्रप्रमुखहरू ! यहाँहरूले यहाँ कार्यालय स्थापित गरिदिएर हाम्रो हिन्दूराज्य नेपाललाई सीमाहीन अरू स्तुत्य महिमाले जो युक्त तुल्याइदिनुभएको छ,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

११. यद् भोः पूज्याः सार्कसदस्यराष्ट्रप्रमुखाः विश्वहिताय ।
राष्ट्रेष्वेवं मिथ एकत्वादर्शं यूयं दर्शितवन्तः ॥
तेन हृदैवाऽतिथिदेवान् वः स्वीयं संस्कृतिमनुगच्छन्तः ।
स्वागतयामो नेपालीया वयमुत्कण्ठाश्रद्धावन्तः ॥

हे पूज्य सार्कसदस्यराष्ट्रप्रमुखहरू ! यहाँहरूले विश्वकल्याणको निमित्त राष्ट्रहरूबीचको एकताको जो आदर्श प्रदर्शन गरिदिनुभयो,

त्यसैले हामी नेपालीहरू आफ्नो संस्कृतिअनुसार उत्कण्ठा र श्रद्धाका साथ अतिथि यहाँहरूलाई देववत् सम्झेर हृदयले नै स्वागत गर्छौं ।

विनीतः
पूर्णप्रसाद ब्राह्मणः
सदस्य : राजसभा
जयतुसंस्कृतम् समूहपक्षतः
२०४४ कार्तिकमासस्य
..... तमे दिनाङ्के

विनीत :
पूर्णप्रसाद ब्राह्मण
सदस्य : राजसभा
जयतुसंस्कृतम् समूहको तर्फबाट
२०४४ कार्तिक
..... गते

पूर्णप्रसाद ब्राह्मणका पुस्तकाकार प्रकाशित कृतिहरू :

नेपाली भाषामा :

१. एक्काईस कथा (कथासङ्ग्रह, २००३)
२. झिल्का (कथासङ्ग्रह, २००७)
३. म लोग्ने हुँ (कथासङ्ग्रह, २००८)
४. अगुल्टो (कवितासङ्ग्रह, २००८)
५. एक कथा (उपन्यास, २०४२)
६. एकतीस कथा (कथासङ्ग्रह, २०४२)
७. एघार कथा (कथासङ्ग्रह, २०४३)
८. अध्यक्ष उमा (उपन्यास, २०४४)
९. कुन्तीको समाचार (खण्डकाव्य, २०४४)
१०. सम्झौटो (लघुकाव्य, २०४७)
११. पूर्णप्रसाद ब्राह्मणका फुटकर कविता (कवितासङ्ग्रह, २०६२)
१२. मातृजातिको निर्यात रोक्न र उनीहरूको मानमर्यादाको संरक्षण गर्न सांस्कृतिक सङ्घर्षको आवश्यकता (पुस्तिका)
१३. हिन्दुत्व जिज्ञासा (पुस्तिका)
१४. एक प्रतिवाद (पुस्तिका)

संस्कृत भाषामा :

१. सत्यहरिश्चन्द्रम (महाकाव्य, २००७)
२. विश्वदेवाः (लघिष्टकाव्यसङ्ग्रह, २००७)
३. तदर्थमेव ('उसैका लागि' को अनुवाद, २०२६)
४. ईशावास्यवृत्तिः (दर्शन, २०२७)
५. राजतन्त्रं सदा जीव्यात् (राजदर्शन, २०४२)
६. रामराज्यम् (खण्डकाव्य, २०४९)
७. श्रीकृष्णश्रीदामाचरितादर्शः (खण्डकाव्य, २०५०)

प्रकाशोन्मुख कृतिहरू :

१. राजा पुरञ्जन (उपन्यास)
२. पूर्णप्रसाद ब्राह्मणका निबन्धहरू (निबन्धसङ्ग्रह)
३. पूर्णप्रसाद ब्राह्मणका अन्तर्वार्ताहरू (अन्तर्वार्तासङ्ग्रह)